# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००,
९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक ४६ | काठमाडौं | आइतबार, २५ जेठ २०८२ | Prabhab National Daily | Sunday, June 08 , 2025 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।–


## सद्भावनासहित मनाइँदै बकर इद



इस्लाम धर्मावलम्बीको दोस्रो ठूलो पर्व बकर इद 'इद' उल अजाहका अवसरमा शनिबार सुनसरीको इनरुवा–२ स्थित जामे मस्जिदमा प्रार्थनापश्चात् अंकमाल गरी शुभकामना आदानप्रदान गरिँदै ।

*तस्बिरः नवीन गड्तौला/रासस*

**काठमाडौं, (प्रस)–** मुस्लिम धर्मावलम्बीको दोस्रो महान् पर्व बकर इद (इदुल जोहा) शनिबार देशभरका मस्जिदमा सद्भावनासहित नमाज पाठ गरी हर्षोल्लासपूर्वक मनाइएको छ । इदुल फित्र अर्थात् रमजान पर्वको ७०औं दिनमा बकर इद मनाउने धार्मिक विधि छ । मुस्लिम धर्मावलम्बीले शनिबार बिहानै स्नान गरी नजिकैको मस्जिद वा इदगाहमा गई सामूहिक नमाज पढेका छन् । नमाज पढिसकेपछि एकापसमा सद्भावसहित शुभकामना आदानप्रदान गर्ने गरिन्छ ।

यस अवसरमा दरबारमार्गस्थित नेपाली जामे मस्जिद, काश्मिरी मस्जिदलगायत देशभरका मस्जिद र इदगाहमा मुस्लिम धर्मावलम्बीको भीड लागेका थियो । हिजरी संवत्अनुसार १४४० वर्ष पहिले अल्लाहको आदेशमा इब्राहिमले आफ्ना छोरा इस्माइल अलेह सलामलाई बलिदान गर्न तयार भएको सम्झनामा यो पर्व मनाउन थालिएको जानकारहरू बताउँछन् । नजिकको प्यारो चीज कुर्वान (बलिदान) दिन अल्लाहको आदेश भए बमोजिम इब्राहिमले छोरा इस्माइल अलेह सलामलाई बलिदान ⏭ क्रमशः पृष्ठ २ मा

# राजावादीको आन्दोलन फासफुस

- राजतन्त्र पक्षधरहरूको आन्दोलन उपलब्धिविहीन
- शाहवंशीय अन्तिम राजा ज्ञानेन्द्रको फेरि राजा हुने सपनामा तुषारापात
- राजेन्द्र लिङ्देन आन्दोलनबारे गुपचुप

■ **जेबी योञ्जन**

**काठमाडौं–** राजा फर्काउन निर्णायक भनिएको राजतन्त्र पक्षधरहरूको आन्दोलन कमजोर बन्दै गएको छ । आन्दोलन प्रभावकारी नदेखिएसँगै उपत्यका बाहिरबाट ल्याइएका राजतन्त्र पक्षधरहरू त्यसै घर फर्किएका छन् ।

गणतन्त्र पक्षधरलाई गम्भीर धक्का दिने आन्दोलन नहुँदा पूर्वराजा ज्ञानेन्द्र शाह भने निराशा बनेको बताइएको छ । उनी तेस्रोपटक राजा हुन चाहन्थे । भनिन्छ, त्यसकै लागि उनले सबै राजतन्त्रपक्षधर शक्तिलाई आन्दोलनको मोर्चामा उभ्याउन पृष्ठभूमिबाट संयोजन गरेका थिए । तर, आन्दोलन असफल र निष्प्रभावी बन्यो । फेरि, राजा हुने ज्ञानेन्द्र सपनामा तुषारापात भयो ।

यहीबेला राजतन्त्र पक्षधरको मूल शक्ति राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन त आन्दोलनबाटै बाहिरिएका छन् । कमल थापा नेतृत्वको राप्रपा नेपालका एक पदाधिकारीको भनाइमा 'आन्दोलनबाट लिङ्देनको बहिर्गमन शंकास्पद छ ।' ती नेताका अनुसार यही १८ गते नारायणचौरबाट कमल थापा पक्राउ परेपछि सोही राति ९ बजेतिर रिहा भएसँगै थापा र सांसद दीपक सिंह राप्रपा पार्टी कार्यालयमा



> राजा फर्काउन र हिन्दु अधिराज्य पुनःस्थापना गर्न राजतन्त्रपक्षधरहरूले भारतको समर्थन खोजेका थिए । त्यसका लागि पत्र नै लेखेका थिए । भारतले यसबारे कुनै जवाफ दिएन । त्यसयता आन्दोलन फासफुस भयो

गएका थिए, जहाँ लिङ्देनबाट खादा र अबिर लगाएर दुवैलाई सम्मान गर्ने काम भयो । तर, उनले १२ बजेतिर आन्दोलनको विरुद्धमा स्टाटस लेखे । २१ गते राजतन्त्रका लागि गरेको आन्दोलनको समीक्षात्मक बैठकमा लिङ्देन गएनन् । यससँगै लिङ्देन राजतन्त्रपक्षधरहरूको आन्दोलनबाटै बाहिरिएका हुन् ।

राजा फर्काउन र हिन्दु अधिराज्य पुनःस्थापना गर्न राजतन्त्रपक्षधरहरूले भारतको समर्थन खोजेका थिए । त्यसका लागि पत्र नै लेखेका थिए । भारतले यसबारे कुनै जवाफ दिएन । यता आन्दोलन फासफुस भयो ।

अर्कोतिर, विश्व हिन्दु महासंघ नेपाल राष्ट्रिय समितिले हाल चर्चामा रहेका पात्रहरूमा राजामा हुनुपर्ने गुण र गरिमा नभएको टिप्पणी गऱ्यो । यो टिप्पणी ज्ञानेन्द्र र उनका नाति हृयन्द्रप्रति लक्षित थियो । बरु, जनचाहना भएमा गुण गरिमाले युक्त स्वच्छ, निष्पक्ष र लोकप्रिय जोकोही व्यक्ति राजा बन्न सक्ने राष्ट्रिय समिति अध्यक्ष डा. रामचन्द्र अधिकारीले विज्ञप्ति जारी गरी सो धारणा सार्वजनिक गरेका हुन् ।

हालैका दिनमा ज्ञानेन्द्रलाई राजाको रूपमा अस्वीकार गर्ने भए हृदयन्द्र विकल्प हुने मत संस्थापक पक्षधरहरूको थियो । यसको मुख्य वक्ता राप्रपा नेपालका अध्यक्ष कमल थापा हुन् । थापाले ज्ञानेन्द्रकै छोरा पारसलाई 'स्किप' गरेर नाति हृदयन्द्रलाई विकल्पमा अघि सारेका थिए ।

तर, आन्दोलन तुहिनु, राप्रपा अध्यक्ष लिङ्देन आन्दोलनबाट बाहिरिनु, बुढ्यौली नेता नवराज सुवेदीले आन्दोलनलाई हाँक्न नसक्नु र जनता बटुल्न सक्ने दुर्गा प्रसाईं हिरासतमा रहनुले राजतन्त्र पक्षधरहरूको आन्दोलन अर्थपूर्ण नभएको त्रिभुवन विश्वविद्यालयमा राजनीतिशास्त्रका सहप्राध्यापक डा. भेषराज घिमिरेको विश्लेषण छ । उनको विचारमा गणतन्त्रपक्षधर शक्तिहरूले डेढ दशकसम्म पनि जनतालाई 'डेलिभरी' दिन नसक्दा राजतन्त्र पक्षधरहरूको सक्रियता बढाउने ठाउँ बनेको थियो ।

ज्ञानेन्द्र स्वयंले नयाँ वर्षको अवसरमा गत १ वैशाखमा जारी गरेको भिडियो सन्देशमा देशको खराब स्थिति चित्रण गरेका थिए । देशको संकटमोचनका लागि राजतन्त्र उपयुक्त विकल्प हुने उनको मत थियो । यहाँ उनी फेरि राजा हुन चाहन्छन् भन्ने भावको प्रकटीकरण भएको हो ।

उनले राजतन्त्र फर्काउन माहोल बनाउन वर्षौंदेखि प्रयास गरे । मन्दिर दर्शनको नाममा देशभित्र राजतन्त्र पक्षधरहरूसँग भेटघाट गरे । देशबाहिर भारत र भुटानको पटकपटक भ्रमण गरेर राजतन्त्र फर्काउन अन्तर्राष्ट्रिय माहोल बनाउन जोडबल गरे । त्यहीबीच भारत रक्षा र परराष्ट्र भारतको अधिनमा रहनेगरी नेपालमा राजसंस्था र हिन्दु अधिराज्य पुनःस्थापनका लागि सकारात्मक रहेको विवरण सार्वजनिक भए, जुन भुटानी राजतन्त्रको मोडल हो ।

⏭ क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

# पछिल्लो १० वर्षमा वैदेशिक रोजगारीमा गएका १० हजार बढीको मृत्यु

- दुई हजार ३८० जना बिरामी भएर, दुई हजार १४ जना प्राकृतिक कारण, एक हजार ६५८ जना हृदयघात, एकहजार २४३ जना सडक दुर्घटनामा मृत्यु
- १० वर्ष अवधिमा सबैभन्दा बढी आव २०७८/७९ मा एक हजार ५१२ जनाको मृत्यु
- पछिल्लो तीन आर्थिक वर्षमा वैदेशिक रोजगारीमा मृत्यु भएकामध्ये सबैभन्दा बढी मधेश प्रदेशका

■ **ममता थापा**

**काठमाडौं–** पछिल्लो १० आर्थिक वर्षमा वैदेशिक रोजगारीमा गएका १० हजारभन्दा बढी नेपालीको मृत्यु भएको तथ्याङ्क सार्वजनिक भएको छ । वैदेशिक रोजगार बोर्डले हालै सार्वजनिक गरेको तथ्याङ्कअनुसार २०७१/७२ यता वैदेशिक रोजगारीमा पुगेका १० हजार ४२० जना नेपालीको मृत्यु भएको हो ।

बोर्डले सार्वजनिक गरेको तथ्याङ्कमा यो अवधिमा १० हजार १४९ जना पुरुष र २८१ जना महिलाको ज्यान गएको छ । आर्थिक वर्ष २०७१/७२ देखि २०८०/८१ मा दुई हजार ३८० जना बिरामी भएर, दुई हजार १४ जना प्राकृतिक कारण, एक हजार ६५८ जना हृदयघात, एकहजार २४३ जना सडक दुर्घटनामा मृत्यु भएको देखिन्छ । यसैगरी एकहजार २२७ जना आत्महत्या गरेर र ५८० जनाको कार्यस्थल दुर्घटनाका कारण मृत्यु भएको छ । यस अवधिमा एक हजार ६१ जनाको अन्य कारणले मृत्यु भएको छ र जसमा १० प्रतिशतको कोरोना महामारी, तीन प्रतिशतको क्यान्सर र एक प्रतिशतको मिर्गौलामा समस्या भएर ज्यान गएको छ । २२५ जनाको मृत्युको कारण खुल्न सकेको छैन ।

सम्बन्धित देशको दूतावासले जारी गरेको 'नो अब्जेक्सन सर्टिफिकेट' (एनओसी)मा उल्लेखित मृत्युको कारणको आधारमा बोर्डले उक्त तथ्याङ्क सार्वजनिक गरेको जनाएको छ । १० वर्ष अवधिमा सबैभन्दा बढी आव ७८/७९ मा एक हजार ५१२ जनाको मृत्यु भएको तथ्याङ्कमा उल्लेख गरिएको छ ।

बोर्डले पछिल्लो आठ वटा आर्थिक वर्ष (२०७३/७४देखि २०८०/८१) मा मृत्यु भएकामध्ये पाँच हजार ७४९

| आर्थिक वर्ष | वैदेशिक रोजगारीमा मृत्यु |
|---|---|
| २०७१/७२ | १००६ |
| २०७२/७३ | ८२७ |
| २०७३/७४ | ७६० |
| २०७४/७५ | ८३८ |
| २०७५/७६ | ७८५ |
| २०७६/७७ | ६८१ |
| २०७७/७८ | १२७६ |
| २०७८/७९ | १५१२ |
| २०७९/८० | १२७६ |
| २०८०/८१ | १४५९ |

जनाको शव नेपाल ढुवानी गरेको जनायो । उक्त आठ वर्षमा आठ हजार ५८७ जनाको मृत्यु भएको थियो । मृत्यु भएकामध्य झण्डै ६७ प्रतिशतले बोर्डमार्फत शव झिकाएका हुन् । रोजगारीमा मृत्यु भएका श्रमिकको शव झिकाउन बोर्डबाट सहयोग माग्नेको संख्या पनि बढेको छ ।

### सबैभन्दा बढी मधेश प्रदेशबाट जाने श्रमिक

पछिल्लो तीन आर्थिक वर्षमा वैदेशिक रोजगारीमा मृत्यु भएकामध्ये सबैभन्दा बढी मधेश प्रदेशबाट गएकाहरू रहेका छन् । उक्त प्रदेशबाट जानेमध्ये एक हजार १५१ जनाले रोजगारीमा ज्यान गुमाएका छन् । मधेशबाट आव २०७८/७९ मा ३५५ जना, ७९/८० मा ३०६ र ८०/८१ मा ३४४ जनाको मृत्यु भएको छ । दोस्रोमा कोशी प्रदेश रहेको छ । उक्त तीन वर्षमा कोशीबाट गएकामध्ये एक हजार ९० जनाले ज्यान गुमाएका छन् । कोशीपछि सबैभन्दा बढी लुम्बिनी प्रदेशका एक हजार ५६ जनाले ज्यान गुमाएका छन् । उक्त अवधिमा गण्डकी प्रदेशका ६६८, बागमती प्रदेशका ५६३, कर्णालीका १९५ र सुदूरपश्चिमका १०७ जनाले वैदेशिक रोजगारीमा ज्यान गुमाएका छन् ।

### आर्थिक सहायता लिने बढे

पछिल्लो पाँच आर्थिक वर्ष (२०७६/७७ देखि २०८०/८१) मा रोजगारिको सिलसिलामा बिरामी तथा अंगभंग भएका एक हजार ७४७ जनाले आर्थिक सहायता लिएका छन् । सहायता लिनेमा एक हजार ६६५ जना पुरुष र ८२ जना महिला छन् । पछिल्लो पाँच आवमा बोर्डबाट यस्तो सहायता लिनेहरू क्रमश बढेको पाइन्छ ।

⏭ क्रमशः पृष्ठ २ मा

## प्रेस विज्ञप्ति

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सौर्य दैनिकमा प्रकाशित तिलाठी कोइलाडी गाउँपालिकाको टेण्डरसम्बन्धी विज्ञापनमा भ्रष्टाचार भएको भनी यही मिति २०८२ जेठ २० गते विशेष अदालत, काठमाडौंमा दायर गरेको आरोपपत्रमा प्रभाव राष्ट्रिय दैनिकको नामसमेत जोडेर यस प्रभाव पब्लिकेसन प्रा.लि.(प्रभाव राष्ट्रिय दैनिक) का प्रबन्ध निर्देशक कृष्णबहादुर कार्कीलाई प्रतिवादी बनाइएकोप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.बाट प्रकाशित प्रभाव राष्ट्रिय दैनिकले विगत १२ वर्षदेखि देशको संविधान, ऐन कानुनको परिधिमा रही पत्रकार आचारसंहिताको पूर्णपालना गर्दै भ्रष्टाचार, अनियमितता लगायतविरूद्ध निरन्तर कलम चलाउँदै सुशासन प्रबर्द्धनमा योगदान गर्दै आएको सबैमा सर्वविदितै छ । यसरी देशको चौथो अंगको भूमिकामा रहेर सुशासनको पक्षमा कलम चलाउँदै आएको हामी आफैं यस्तो आपराधिक कार्यमा संलग्न हुने कुरा सोच्नसमेत नसक्ने प्रष्ट पार्न चाहन्छौं ।

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले दायर गरेको उक्त मुद्दा सौर्य दैनिकमा प्रकाशित विज्ञापन सम्बन्धमा छ, जुन विज्ञापनसँग र सो सौर्य दैनिकसँग यस पब्लिकेसन तथा प्रभाव राष्ट्रिय दैनिकको कुनै सम्बन्ध नै नभएको विषय हो । यस पब्लिकेसनका प्रबन्ध निर्देशक कृष्णबहादुर कार्कीले अख्तियारसँगको वयानमा प्रष्टसँग आफूलाई यो विषय थाहा नभएको र सो विज्ञापनवापत कुनै आर्थिक भुक्तानी आफूले नलिएको बताइसक्नुभएको छ । त्यसैले सो विज्ञापनमा जे जस्तो कार्य भएको हो, त्यसको जिम्मेवार विज्ञापनदाता, विज्ञापन एजेन्सी र विज्ञापन प्रकाशन गर्ने दैनिक पत्रिका नै हुनुपर्छ भन्ने हाम्रो धारणा छ ।

साथै, सौर्य दैनिकमा प्रकाशित तिलाठी कोइलाडी गाउँपालिकाको टेण्डरसम्बन्धी विज्ञापनमा प्रभाव राष्ट्रिय दैनिकको कुनै संलग्नता नरहेकोले कुनै किसिमको भ्रममा नपर्न हाम्रा सम्पूर्ण पाठक, शुभचिन्तक, विज्ञापनदाता र सरोकारवाला सबैमा अपिल गर्दछौं । अन्तमा, न्यायिक प्रक्रियामा सहयोग गर्न हामी प्रतिबद्ध छौं ।

*मिति : २०८२/०२/२५ गते*

लालसरा राई
अध्यक्ष
प्रभाव पब्लिकेसन प्रा. लि.
सिफल, काठमाडौं




# पाँच दिने डम्फू प्रशिक्षण सुरु




**काठमाडौं (प्रस)**– तामाङ डाजाङले साँस्कृतिक बाजा डम्फू प्रशिक्षण सुरु गरेको छ। शनिबार काठमाडौंको बिजेश्वरीस्थित तामाङ कुताप धिममा काठमाडौं महानगरपालिका- १५ का वडाध्यक्ष ईश्वरमान डंगोलले प्रशिक्षणको शनिबार उद्घाटन गरे ।

पाँच दिनसम्म चल्ने डम्फू प्रशिक्षणका लागि वडाले बजेट विनियोजन गरेको वडाध्यक्ष डंगोलले बताए। पञ्चायतकालमा नेपाल भाषा र संस्कृतिका लागि कठोर संघर्ष गर्नुपरेको सुनाउँदै उनले गणतन्त्रकालमा राज्यले नै संरक्षणको क्षेत्रमा लगानी गरेको र स्वयं समुदाय बढी जिम्मेवार हुनुपर्नेमा जोड दिए ।

कार्यक्रममा डाजाङका अध्यक्ष फूलकुमार बम्जनले तामाङ संस्कृति र पहिचानलाई जीवन्त राख्न पाँच दिने डम्फू प्रशिक्षण आयोजना गरिएको बताए । उद्घाटन समारोहलाई वडा सदस्य मैयाँलक्ष्मी महर्जन, काठमाडौं महानगरपालिकाको शिक्षा विभागमा कार्यरत विद्यालय निरीक्षक रश्मी तामाङ, संगीतकार मिलन मोक्तानलगायतले सम्बोधन गरेका थिए ।

सहभागीहरूलाई पवनवाङ लामा र डाजाङका अध्यक्ष बम्जनले प्रशिक्षण दिइरहेका छन् । डम्फूलाई तामाङका पूर्वज पेङदोर्जेले निर्माण गरेको कथन छ । तामाङ जातिको साँस्कृतिक जीवन पद्धतिमा डम्फू अनिवार्य मानिन्छ ।

# सगरमाथा आरोहीलाई सम्मान



**काठमाडौं (प्रस)**– तामाङ सगरमाथा आरोही संघ नेपालले सन् २०२५ को वसन्त ऋतुमा सफल सगरमाथा आरोहण गरेका तामाङ समुदायका करिब दुई दर्जन आरोहीलाई सम्मान गरेको छ । संघले शनिबार काठमाडौंको क्याफे इपिकमा आयोजित विशेष कार्यक्रममा तामाङ समुदायबाट सगरमाथा आरोहण गरेका २१ जना आरोहीलाई सम्मान गरेको हो ।

कार्यक्रममा लुम्बिनी विकास कोषका पर्यटन सल्लाहकार तिलक तामाङले सफल आरोहीहरूलाई बधाईसहित प्रमाणपत्र प्रदान गरे भने संघकी अध्यक्ष शर्मिला स्याङ्तानले खादा ओढाइदिइन् ।

संघले चतुर तामाङ, पेम्बा तामाङ, वीरबहादुर तामाङ, सोनाम तामाङ, जीवन तामाङ, शुभराज तामाङ, सुमन तामाङ, सन्तमान तामाङ, राजदीप तामाङ, सिद्धिबहादुर घिसिङ, धनसिं तामाङ, लङ्काराम तामाङ, मिङ्मार दोर्जे तामाङ, शुकबहादुर तामाङ, अशोक लामा, लाक्पा तामाङ, सन्दुक दोर्जे तामाङ, रमेश तामाङ, सिद्धिबहादुर तामाङ र बुद्धसिंह तामाङलाई सम्मान गरेको हो ।

कार्यक्रममा पर्यटन सल्लाहकार तिलक तामाङले तामाङ समुदायको गौरव वृद्धि गर्ने यस्ता उपलब्धिहरूका लागि संस्थागत रूपमा निरन्तर समर्थन आवश्यक रहेको उल्लेख गरे । यस वर्षको वसन्त आरोहण सिजनमा ५७ देशका आरोही सहभागी बनेका थिए । पर्यटन विभागका अनुसार सगरमाथासहित २७ वटा हिमाल आरोहण गर्न १२७ समूहका एक हजार १६८ जनाले अनुमति लिएका थिए। तीमध्ये ३९५ जनाले सफलतापूर्वक सगरमाथा आरोहण गरेका छन् ।

संघले तामाङ समुदायका हिमाल आरोहीको सम्मान गर्दै आएको छ । संघले समुदायको पहिचान र आरोहण संस्कृतिको संरक्षण तथा प्रवर्द्धनमा योगदान पुर्याकउँदै आएको छ ।

पृष्ठ १ बाट क्रमशः

## राजावादीको...

२५ फागुनमा पोखरादेखि काठमाडौं फर्किंदा सडकमा देखिएको भिडले ज्ञानेन्द्रले राजतन्त्रको पक्षमा जनमत बढाउँदै गरेको सन्देश गएको थियो । तर, १५ चैतको तीनकुने हिंसापछि यो आन्दोलन केही कमजोर बन्यो । यही १५ जेठदेखि करिब एक साता गरेको आन्दोलनमा उपत्यकाबाहिरदेखि आन्दोलनकारी ल्याउनुपर्‍यो । हाल 'संयुक्त जनआन्दोलन' समिति संयोजक सुवेदीले दोस्रो चरणको कार्यक्रम सार्वजनिक भइसकेको छ । यद्यपि, सार्वजनिक कार्यक्रम हेर्दा राजा फर्काउनेगरिको धक्कादार देखिएको छैन । सुवेदीले भने आन्दोलन झनै सशक्त हुने दाबी गरेका थिए ।

यता राप्रपा अध्यक्ष लिङ्देनले त वर्षा लागिसकेकाले अब ठूलो आन्दोलन नहुने बताएका छन् । अब उपयुक्त समयमा मात्रै आन्दोलन गरिने बताए । गृहजिल्ला झापाको हल्दिबारीमा पत्रकारहरूसँग शनिबार उनले भने, 'राजसंस्था र हिन्दु राष्ट्रका लागि मात्रै पार्टीले गरेको आन्दोलन होइन, देशको संकटमोचनका लागि हो । अब उपयुक्त समयमा राप्रपाले ठूलो आन्दोलन गर्छ ।' लिङ्देनका अनुसार अब असार लागेकोले हत्तपत्त आन्दोलन हुने अवस्था छैन । लिङ्देनको भनाइले पनि आन्दोलनका कार्यक्रम सामान्य र औपचारिक मात्रै हुने देखिन्छ, जसले गणतन्त्र पक्षधरहरूलाई दबाब सिर्जना गर्न नसक्ने राजनीतिक विश्लेषक घिमिरेको भनाइ छ ।

जबकि, पृथ्वीनारायण शाहले संस्थागत गरेको राजतन्त्रको १२ औं राजा ज्ञानेन्द्र भए । तर, उनले १८ असोज २०५९ र १९ माघ २०६१ मा प्रत्यक्ष शासन चलाएर बुबा महेन्द्रपथमा अघि बढेपछि गणतन्त्रको जग खनिएको अर्थमा विश्लेषण हुने गरेको छ । यति हुँदाहुँदै पनि ज्ञानेन्द्र तेस्रोपटक राजा हुने अन्तिम प्रयासमा छन् । आन्दोलन भने सेलाएपछि उनको राजा हुने सपना तुहिएको छ ।

■■■

## सद्भावनासहित ...

दिन तयार हुँदा अल्लाहलेअल्लाहले परीक्षामा उत्तीर्ण भएको भन्दै प्रशन्न भई त्यसलाई रोकेको मुस्लिम धर्मावलम्बीको विश्वास छ । यही घटनाका आधारमा यो पर्व मनाउन सुरु भएको ऐतिहासिक पृष्ठभूमि छ ।

मुस्लिम धर्म गुरु (मौलाना) रहमत अली ऐतिहासिक बकर इद पर्वको आधार बनेको इब्राहिमको वंशमा सन् ५७१ मा मक्कामा मोहम्मद सलल्ला जन्मिई निरन्तरता दिएको बताउँछन् । जसले यो पर्व एवम् धर्मलाई पुस्तान्तर गर्न महत्वपूर्ण योगदान गर्दै हदिस नामक धर्मग्रन्थको रचना भएको उनको भनाइ छ । 'जुन ग्रन्थलाई हाल मुस्लिम धार्मिक विद्यालय मदरसामा समेत अध्ययन अध्यापन गराइन्छ । मक्कामा जन्मिनुभएका सलल्ला ५३ वर्षको उमेरपछि मदिनामा सर्नुभएको थियो, यही सम्झनामा हाल पनि साउदी अरबमा पर्ने यी दुवै तीर्थस्थलमा ठूलो मेला लाग्ने गरेको छ', मौलाना अलीले भने ।

यस पर्वका अवसरमा मक्का मदिना जानु शुभ मानिन्छ । गृह मन्त्रालयले आउनजान हवाई टिकटको व्यवस्था गरी हज यात्रा गराउने गरेको छ । यस पर्वमा अल्लाहलाई खुसी पार्न मुसलमानले धर्मले जायज मानेका जनावरलाई कुर्बानी (बलि) दिने गरेका छन् । कुर्बानीको मासु तीन भागमा बाँडी वितरण गरिन्छ । एक भाग गरिब एवं विपन्न परिवारलाई, अर्को एक भाग आफ्ना इष्टमित्रलाई र तेस्रो भाग आफैंले खानुपर्ने मुस्लिम धार्मिक मान्यता रहेको नेपाली जामे मस्जिदका सचिव मन्सुर हुसेनले बताए । यसैअनुसार शनिबार पहिलो दिनको बकर इद मनाइएको छ । मुस्लिम धर्मावलम्बीले सोमबारसम्म यो पर्व मनाउने जनाइएको छ ।

■■■

## पछिल्लो १०...

आव ७६/७७ मा १२ प्रतिशतले मात्र सहायता लिएकोमा त्यसपछि आव ७७/७८ मा ९, ७८/७९ मा १६, ७९/८० मा २५र ८०/८१ मा ३८ प्रतिशतले सहायता लिएका छन् । यस अवधिमा सबैभन्दा बढी बिरामी भएर सहायता पाएका छन् भने हृदयघात भएर सहयोग लिने सबैभन्दा कम छन् । बोर्डले ४६० जना बिरामीलाई उपचार खर्च प्रदान गरेको छ । त्यसैगरी कार्यस्थल दुर्घटना भएर ३६२, मिर्गौलाका बिरामी २३१, क्यान्सर १५६, सडक दुर्घटना १६० र हृदयघातको समस्या भएका नौ जनालाई आर्थिक सहायता प्रदान गरेको छ । यसबाहेक अन्य समस्या भएका १६७ जना र कारण नखुलेको १९३ जनाले बोर्डबाट सहायता लिएका छन् ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०२/२५**

**ओओम्फ इन्टरनेशनल सर्भिसेज प्रा. लि.** को मिति २०८२/०२/०५ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **बेस्ट स्किल एजुकेशन कन्सल्टेन्सी प्रा. लि. (प्रा.लि नं २६५८४०)** कायम गर्ने गरी मिति २०८२/०२/१९ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८२/०२/२५**

**कृति सेवा प्रा. लि.** को मिति २०८२/०१/१७ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **कोरियन पेन्टस् काठमाण्डौं प्रा. लि. (प्रा.लि नं २३७५०२)** कायम गर्ने गरी मिति २०८२/०२/०४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### कर्मचारी हटाईएको सम्बन्धी सूचना

यस **Rosebud Human Resource Pvt. Ltd.** (ई.प.नं. १६६५/०८०/८१) मा कार्यरत **निशा अधिकारी (ना.प्र.प्र.नंः ११३१०६)** लाई आजको मितिबाट यस प्रा.लि. बाट हटाइएको हुनाले निजसँग यस प्रा.लि. सँग सम्बन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

श्रम इजाजत नं. १६६५/०८०/८१
ROSEBUD HUMAN RESOURCE PVT. LTD
Shambhu Marga, sinamangal-9, Kathmandu, Nepal, Tel.: +977-1-4597366
E-mail: info@rosebudhr.com, Web:www.rosebudhr.com

### सूचना सूचना सूचना

**तस्रो पटक प्रकाशित मितिः २०८२/०२/२५**

सूचना तथा प्रसारण विभागमा दर्ता नम्बर ३३६२-२०७८/२०८९ मिति २०७९/०१/२२ मा दर्ता रहेको तीनलाल मिडिया प्रा.ली. द्वारा संचालित www.tinlalkhabar.com नामक अनलाइन पत्रीका बन्द गर्ने उद्देश्य सहित दर्ता खारेज गरिने हुँदा यस कम्पनी र अनलाइन पत्रीकासँग कुनै श्रमजीवी पत्रकार र कर्मचारीको पारिश्रमिक वा आर्थिक दायित्व भएमा मिति २०८२/०३/०८ (१५) दिनभित्र यस कम्पनीको कार्यलयको ठेगान काठमाडौं महानगरपालिका ३२, काठमाडौ, संचालकको मोबाइल नम्बर (८६३८८६३७२ वा emali: kadariyauk7@gmali.com मा सम्पर्क गर्नुहुन अनुरोध छ । साथै तोकिएको समयमा उजुरी प्राप्त नभए प्रक्रिया अगाडि बढाउने व्यहोरा अनुरोध छ।


### कतारमा रोजगार

कम्पनी : A X Services Group

पूर्व स्वीकृति मिति २०८२/०२/२२ | LT. No. 325285 | चलानी नं ६०२३९२४२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Workers And Technicians | 5 | 0 | 1550 | ५७,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ असार १ गते (15th June 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले व्यहोर्ने | विदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | कल्याणकारी कोषसम्बन्धी व्यवस्थाः | सेवा शुल्क | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | रोजगारदाता कम्पनीले | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.१५००/– कामदार आफैले | निःशुल्क | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैले | - |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GSO Govt. License 756/064/65
GRAND SHIKHAR OVERSEAS PVT LTD
Lazimpat, Kathmandu, Tel: +977-1-4516940, Web: gso@grandshikhar.com


## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

आइत, २५ जेठ, २०८२

| | |
|---|---|
| **मेष** | सोचेको उपलब्धि तत्काल प्राप्त नहुने । |
| **वृष** | सम्भावना देखिए पनि समयमा काम नहुने। |
| **मिथुन** | कामको मेरो नमिल्दा केही अलमल्ल हुनेछ। |
| **कर्कट** | नयाँ कामको अवसर प्राप्त हुनसक्छ । |
| **सिंह** | सुखद समाचारले उत्साह जगाउनेछ । |
| **कन्या** | रोकिएका काम सम्पादन हुनेछ । |
| **तुला** | समाजिक जिम्मेवारी उपलब्ध हुनेछ । |
| **वृश्चिक** | सानोतिनो समस्याले अल्झाउन सक्छ । |
| **धनु** | प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । |
| **मकर** | मिहिनेछ गर्दा आम्दानीको स्रोत फेला पर्ला । |
| **कुम्भ** | काम गर्दा सकारात्मक संकेत प्राप्त हुनेछ । |
| **मीन** | विवादास्पद कामको जिम्मेवारी आउनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल | ६६१२२६६ |
| किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२५ जेठ, २०८२ (०८ जुन, २०२५)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १३७.१५ | १३७.७५ |
| युरो | १ को | १५६.१२ | १५६.८१ |
| पाउन्ड स्टिर्लङ | १ को | १८५.४१ | १८६.२२ |
| स्विस फ्रैन्क | १ को | १६६.५४ | १६७.२६ |
| अस्ट्रेलियन डलर | १ को | ८८.८३ | ८९.२१ |
| क्यानाडियन डलर | १ को | १००.०३ | १००.४६ |
| सिङ्गापुर डलर | १ को | १०६.३५ | १०६.८२ |
| जापानी येन | १० को | ९.५१ | ९.५५ |
| चिनियाँ युआन | १ को | १९.०८ | १९.१६ |
| साउदी अरब रियाल | १ को | ३६.५७ | ३६.७३ |
| कतारी रियाल | १ को | ३७.६२ | ३७.७९ |
| थाई भाट | ख १ को | ४.१९ | ४.२१ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३७.३४ | ३७.५० |
| मलेसियन रिङेट | १ को | ३२.२९ | ३२.४३ |
| दक्षिण कोरियन वन | १०० को | १०.०४ | १०.०९ |
| स्विडिस क्रोनर | १ को | १४.२७ | १४.३३ |
| डेनिस क्रोनर | १ को | २०.९३ | २१.०३ |
| हङकङ डलर | १ को | १७.४८ | १७.५५ |
| कुवेती दिनार | १ को | ४४७.४८ | ४४९.४४ |
| बहराइन दिनार | १ को | ३६३.७९ | ३६५.३८ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

## धितोमा रहेको सम्पत्ति शिलबन्दी बोलपत्र आव्हानद्वारा बिक्री गरिने बारे प्रथम पटकको सार्वजनिक सूचना

(सूचना प्रकाशित मिति: २०८२/०२/२५)

यस बैंकका देहायका शाखा कार्यालयहरुबाट निम्न बमोजिम कर्जा तथा सुविधा लिने ग्राहकहरुले म्याद भित्र कर्जा चुक्ता नगरी लिखित तथा मौखिक तर ताकेता र पत्रपत्रिकाद्वारा सार्वजनिक सूचना गर्दा समेत कर्जा चुक्ता नभएकाले यो सूचना प्रकाशित गरिएको छ । तसर्थ यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र बैंकमा आई आफुले उपभोग गरेको साँवा तथा कर्जा चुक्ता गर्ने अघिल्लो दिनसम्मको ब्याज र अन्य लेना रकम समेत चुक्ता गरी धितो सम्पत्ति फुकुवा गराई लिनुहुन सम्बन्धित ग्राहक र धितो मन्जुरी दिनुहुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै, यस सूचना बमोजिम लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकको अनुकूल समयमा बैंक आफैले सकार गर्न सक्ने ब्यहोरा समेत जानकारी गराईएको छ ।

यो सूचना बमोजिम ३५(पैंतीस) दिन भित्र चुक्ता नभएमा तपसीलमा उल्लेखित चल अचल सम्पत्ति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा प्रचलित कानूनको अधीनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन ईच्छुक ब्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको ३५ औं दिन वा तोकीएको समय अगाडि नै शाखा कार्यालय सिन्धुलीमा कार्यालय समयभित्र आईपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आब्हान गरिन्छ । बोलपत्र सुचना प्रकाशन भई तोकीएको दिन वा सो दिन सार्वजनिक बिदा परेको भएमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिनमा बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपूवर्क दर्ता हुन आएका बोलपत्र फारमहरु दिनको ११ बजे खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ । तर बोलपत्रदाताका अनुपस्थितले बोलपत्र खोल्न बाधा पुग्ने छैन । साथै, कर्जा ग्राहक, धितो सुरक्षण मन्जुरी दिने, जमानत दिनुहुने ब्यक्ति/संस्था र सम्बन्धित पक्षलाई यसै सूचनाको आधारमा कर्जा सूचना केन्द्रको कालोसूचीमा राखिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसील**

| | |
|---|---|
| टेण्डर पेश गर्ने अन्तिम मिति: | २०८२ साल असार महिना २९ गते |
| धितो लिलाम बिक्री हुने मिति: | २०८२ साल असार महिना ३० गते |
| सम्बन्धित कार्यालय तथा धितो लिलाम हुने कार्यालय/स्थान: | कृषि विकास बैक लि. शाखा कार्यालय सिन्धुली । |

**ग्राहकको विवरण**

**१) ग्राहकको नामः सिता जुत्ता चप्पल उद्योग** दर्ता भएको कार्यालय: घरेलु तथा साना उद्योग कार्यालय सिन्धुली, दर्ता नं: ४७९३/०७६/७७ दर्ता मिति: २०७७/०३/०८, पान नं: ६१३२९०५४०

लिलाम हुने अचल सम्पत्तिको विवरण

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल(विगाहा) |
|---|---|---|---|---|---|---|
| व्यापार | दुर्गा माया सार्की | सिन्धुली | सिद्धेश्वर | ७/क | १२९९,१२९८ | ०-०-५-०, ०-०-५-० |

प्रोप्राईटरको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | ससुरा |
|---|---|---|---|---|---|
| दुर्गा माया सार्की | पोखरी-०८ | ३५८८ | सिन्धुली/२०६०/१२/२२/जिल्ला प्रशासन कार्यालय | इच्छे सार्की/गंगे सार्की | नरे सार्की |

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | बाबु | बाजे |
|---|---|---|---|---|---|
| इच्छे सार्की | पोखरी-०६ | २०१४३४/५००१ | सिन्धुली/२०५३/०६/०९/जिल्ला प्रशासन कार्यालय | नरे सार्की | भक्ते सार्की |

**२) ग्राहकको नामः सुनिता पोल्ट्री फर्म** दर्ता भएको कार्यालय: घरेलु तथा साना उद्योग विकास समिति सिन्धुली, फर्मको दर्ता नं : २६३४/०७३/०७४, दर्ता मिति: २०७३/०८/१०, पान नं.: ६०५५५८७०८

लिलाम हुने अचल सम्पत्तिको विवरण

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल(रोपनी) |
|---|---|---|---|---|---|---|
| पशुपालन | सुनिता खतिवडा | सिन्धुली | सिद्धेश्वर | ०४/ढ | ५१९,५७३,५७४ | ०-३-१८-०, ०-०-२-०, ०-४-५-० |

प्रोप्राईटरको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | ससुरा |
|---|---|---|---|---|---|
| सुनिता खतिवडा | रतनचुरा-०४ | २०१०५४/ २९२/१८५ | सिन्धुली/२०६६/०३/११/ जिल्ला प्रशासन कार्यालय | ध्रुव कुमार खतिवडा/ सुर्य बहादुर थापा | पुण्य प्रसाद |

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | बाबु | बाजे |
|---|---|---|---|---|---|
| ध्रुव कुमार खतिवडा | सिद्धेश्वर आदर्श-०४ | १२३४/७९०२/१६८६८ | सिन्धुली/२०४६/११/०१/ जिल्ला प्रशासन कार्यालय | पुण्य प्रसाद | धन बहादुर |

**३) ग्राहकको नामः बुढाथोकी तरकारी उत्पादन केन्द्र तथा पशुपालन फर्म** दर्ता भएको कार्यालय: घरेलु तथा साना उद्योग कार्यालय सिन्धुली, फर्मको दर्ता नं. ४८१२/०७७/०७८, दर्ता मिति : २०७७/४/१४, पान नं.१०६८७९२९६

लिलाम हुने अचल सम्पत्तिको विवरण

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल(रोपनी) |
|---|---|---|---|---|---|---|
| व्यवसायिक कृषि | दिपेन्द्र विक्रम बुढाथोकी | सिन्धुली | सिद्धेश्वर | ०१क | ४०५ | ०-४-१-३ |

प्रोप्राईटरको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | बाबु | बाजे |
|---|---|---|---|---|---|
| दिपेन्द्र विक्रम बुढाथोकी | कमलामाई-०१ | ५११३२ | सिन्धुली/२०६३/०७/१२/ जिल्ला प्रशासन कार्यालय | शान्त विक्रम बुढाथोकी | प्रेम बहादुर बुढाथोकी |

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | बाबु | बाजे |
|---|---|---|---|---|---|
| निर विक्रम बुढाथोकी | कमलामाई-०१ | २०/०१/७२/ ०४२६२ | सिन्धुली/२०७२/०८/२७/ जिल्ला प्रशासन कार्यालय | शान्त विक्रम बुढाथोकी | प्रेम वहादुर बुढाथोकी |

**४) ग्राहकको नामः ब्रदर्श एग्रो** फर्म दर्ता भएको कार्यालय: घरेलु तथा साना उद्योग कार्यालय, सिन्धुली फर्मको दर्ता नं : ११६/०७७/०७८, दर्ता मिति: २०७७/०६/१२, पान नं.६१३८५३४६८

लिलाम हुने अचल सम्पत्तिको विवरण

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल(रोपनी) |
|---|---|---|---|---|---|---|
| व्यवसायीक कृषि | सुदिप पुलामी | सिन्धुली | सिद्धेश्वर | ४ छ | ११२४ | ०/०/६/० |
| | | | डाडीगुरासे | २ झ | १९१ | ०/५/०/० |

साझेदार/प्रोप्राईटरको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | ससुरा |
|---|---|---|---|---|---|
| सलिना पुलामी | डाडीगुरासे-०३ | २०१०५१/ ३११/१ | सिन्धुली/२०६६/०१/२५/ जिल्ला प्रशासन कार्यालय | हेम पुलामी/ कर्णखर ढुङ्गेल | डम्बर बहादुर पुलामी |
| पुजा मगर | कमलामाई-०५ | ३६२०२४/ ४२२७ | सिन्धुली/२०७२/१०/१८/ जिल्ला प्रशासन कार्यालय | सुदिप पुलामी/ लिला वहादुर ठाडा मगर | डम्बर बहादुर पुलामी |
| आशा पुलामी | डाडीगुरासे-०३ | २०१०५१/ ०४ | सिन्धुली/२०६३/११/२५/ जिल्ला प्रशासन कार्यालय | सरोज पुलामी/ दल वहादुर पुन | डम्बर बहादुर पुलामी |

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | बाबु | बाजे |
|---|---|---|---|---|---|
| सुदिप पुलामी | डाडीगुरासे-०२ | २०१०५१/३१० | सिन्धुली/२०६८/०४/१७/ जिल्ला प्रशासन कार्यालय | डम्बर बहादुर पुलामी | रणमान पुलामी |

**५) ग्राहकको नामः बहुउदेश्यीय कृषि फर्म** दर्ता भएको कार्यालय: घरेलु तथा साना उद्योग विकास समिति सिन्धुली, फर्मको दर्ता नं. ४२९२/०७६/७७, दर्ता मिति: २०७६/०७/१९, पान नं. ६१२४३४५७६

लिलाम हुने अचल सम्पत्तिको विवरण

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल(रोपनी) |
|---|---|---|---|---|---|---|
| व्यवसायिक कृषि | रत्न कुमारी विश्वकर्मा | सिन्धुली | सिद्धेश्वर | ०६ख | ८४४ | ०/०/४/२ |
| | स्वम बहादुर विश्वकर्मा | सिन्धुली | रानीचुरी | ०५च | ३२ | ०/६/१५/० |

प्रोप्राईटरको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | बाबु | बाजे |
|---|---|---|---|---|---|
| ढक बहादुर विश्वकर्मा | रानीचुरी-०७ | ३८९३८ | सिन्धुली/२०६१/०८/१७/ जिल्ला प्रशासन कार्यालय | स्वम बहादुर विश्वकर्मा | हर्क बहादुर विश्वकर्मा |

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | ससुरा/बाजे |
|---|---|---|---|---|---|
| रत्न कुमारी विश्वकर्मा | रानीचुरी-०५ | २०३०५२/३६७ | सिन्धुली/२०६३/१०/११/ जिल्ला प्रशासन कार्यालय | ढक बहादुर विश्वकर्मा/ नर बहादुर विश्वकर्मा | स्वम बहादुर विश्वकर्मा |
| स्वम बहादुर विश्वकर्मा | रानीचुरी-०७ | १५४३/ ३८५० | सिन्धुली/२०४२/०६/०६/ जिल्ला प्रशासन कार्यालय | हर्क बहादुर विश्वकर्मा | गोविन्द |

**६) ग्राहकको नामः रोशन एण्ड रोहन जेनरल स्टोर** दर्ता भएको कार्यालय: घरेलु तथा साना उद्योग विकास समिति सिन्धुली, फर्मको दर्ता नं. २२४६/०७३/७४, दर्ता मिति: २०७३/०८/२९ पान नं. ६०२६४०८९५

लिलाम हुने अचल सम्पत्तिको विवरण

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल(विगाहा) |
|---|---|---|---|---|---|---|
| व्यापार | मुकेश कुमार पंडित | सिन्धुली | सिद्धेश्वर | ०६।ख | १५९० | ०(०(१०(० |

प्रोप्राईटरको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | बाबु | बाजे |
|---|---|---|---|---|---|
| मुकेश कुमार पंडित | धनुषा-१ | १७३०९०/१७४ | धनुषा/२०७०/०२/२७/ जिल्ला प्रशासन कार्यालय | महेश पंडित | सुकदेव |

**७) ग्राहकको नामः रवि विक्रम बुढाथोकी** ना.प्र.नं.२१२२७, जारी मिति:२०५८/०८/१९, जारी भएको कार्यालय: जिल्ला प्रशासन कार्यालय सिन्धुली, बाबुको नाम: शान्त बिक्रम बुढाथोकी, बाजेको नाम: प्रेम बहादुर बुढाथोकी

लिलाम हुने अचल सम्पत्तिको विवरण

| कर्जा शिर्षक | जग्गाधनीको नाम | जिल्ला | न.पा./गा.पा. | वडा नं. | कि.नं. | क्षेत्रफल(विगाहा) |
|---|---|---|---|---|---|---|
| आवास कर्जा | रवि बिक्रम बुढाथोकी | सिन्धुली | सिद्धेश्वर | ०१क | ४०७ | ०-४-१-३ |

व्यक्तिगत तथा धितो जमानीकर्ताको विवरण

| नाम | ठेगाना | ना.प्र.नं. | नागरिकता जारी भएको जिल्ला/मिति/कार्यालय | पति/बाबु | ससुरा |
|---|---|---|---|---|---|
| ईन्दिरा राउत | तावाश्री-०९, उदयपुर | १४१०३२/ १२४९७५ | उदयपुर २०६९/११/२ जिल्ला प्रशासन कार्यालय उदयपुर | रवि विक्रम बुढाथोकी/ टिकाबहादुर राउत | शान्त विक्रम बुढाथोकी |

शर्तहरू:

१. शिलवन्दी बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयबाट रु १,०००। (पछि फिर्ता नहुने गरी) तिरी खरिद गर्न सकिनेछ । फोटोकपी गरिएको फारम मान्य हुने छैन ।
२. लिलामी सूचनामा उल्लेखित कर्जा शिर्षक र नम्बर बोलपत्र फारममा अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ । साथै, बोलपत्रको खाम बाहिर कर्जा शिर्षक र नम्बर समेत उल्लेख गरेको हुनु पर्नेछ ।
३. रित नपुगेको, न्यूनतम् मूल्य भन्दा कम उल्लेख भएको, तोकिएको मिति र समयमा आई नपुगेको टेण्डर उपर कुनै कारवाही गरिने छैन ।
४. कुनै कारण जनाई वा नजनाई टेण्डर स्वीकृति गर्ने वा नगर्ने अधिकार यस बैंकमा सुरक्षित रहने छ ।
५. टेण्डर मिति २०८२/०३/३० गते का दिन दिनको ११ बजे कृषि विकास बैंक शाखा कार्यालय सिन्धुलीमा टेण्डर दिने व्यक्ति वा निजको प्रतिनिधिहरुको रोहवरमा वा निजको उपस्थिति नभएमा पनि उपस्थित भएसम्मका व्यक्तिहरुको रोहवरमा खोलिने छ ।
६. टेण्डरसाथ आफूले दिन चाहेको मोलको न्यूनतम १०% रकम भुक्तानी दिनु पर्ने हिसाव वा धरौटी वापत शाखा कार्यालयको जम्मा गर्नु पर्नेछ र सोको सक्कल बैंक भौचर/रसिद टेण्डरसाथ राखेको हुनुपर्नेछ ।
७. टेण्डर स्वीकृत भएपछि बाँकी रकम ७ (सात) दिन भित्र दाखिल गरी सामान उठाई लैजानु पर्नेछ, घर/जग्गा र सवारी साधनको हकमा नामसारी गरि सक्नु पर्नेछ अन्यथा धरौटी जफत भई उक्त सम्पत्ति पुनः बिक्री गर्न सकिनेछ ।
८. आफूले सम्पत्ति लिन दिएको मोल अङ्क र अक्षरमा प्रष्टसँग लेखिएको हुनु पर्नेछ । साथै, उल्लेखित सम्पूर्ण सम्पत्ति वा अलग अलग कित्ता लिने हो सो समेत खुलाई पेश गर्न सकिनेछ ।
९. शिलबन्दी टेण्डर खाममा लाहाछाप लगाएको हुनु पर्ने छ ।
१०. शिलबन्दी टेण्डर दिने व्यक्तिले नागरिकताको प्रमाणित प्रतिलिपी र संगठित संस्था भए संस्था दर्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी संलग्न हुनुपर्नेछ । साथै संस्थाको हकमा कम्पनीको छाप, अख्तियारनामा र निजको अख्तियारवाला कर्मचारीको दस्तखत हुनुपर्नेछ ।
११. बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ ।
१२. लिलाम सदर/बदरको निर्णय नभए सम्म धरौटी रकम फिर्ता माग गर्न र सोमा व्याज दाबी गर्न पाईने छैन ।
१३. लिलाम सदर भए पश्चात दाखिल/खारेज नामसारी गर्दा सम्बन्धित निकायमा तिर्न बाँकी कर, राजश्व, मालपोत, रजिष्ट्रेशन दस्तुर लगायतका सम्पूर्ण राजश्व, कर, दस्तुर एवं अन्य भैपरी खर्च बोलपत्रदातालेनै ब्यहोर्नु पर्नेछ ।
१४) अन्य जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

**कृषि विकास बैंक लि.**
**कर्जा असुली तथा संकलन विभाग**
**मुख्य कार्यालय, काठमाडौं**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### सदनलाई बन्धक नबनाऊ

**बजेट भाषण यता प्रतिनिधि सभा अवरोध जारी छ । सरकारले २०८२/८३ का लागि प्रस्तुत गरेको बजेटमा छलफल हुनुपर्ने महत्वपूर्ण समय हो अहिले । तर भिजिट भिसा प्रकरणमा अनुसन्धानका लागि गृहमन्त्री रमेश लेखकले राजीनामा दिनुपर्ने भन्दै विपक्षीले सदन अवरुद्ध पारेको हो ।**

**यसपटक नेपाली कांग्रेस र नेकपा एमालेको शक्तिशाली सरकारले ल्याएको बजेट खासै आशलाग्दो खालको छैन । कुनै पनि क्षेत्रलाई उत्साह दिने खालको कार्यक्रम बजेटमा समावेश छैन । यसैगरी नगर्नु भनेका खुद्र कार्यक्रमहरूलाई पनि बजेटले समेटेको छ । नीति बनाउन चुनिएर पठाएका सांसदहरू मन्त्रालयको कोठाचोटा पुगेर बजेट मागेको कुरा अहिले सामाजिक सञ्जालमा छताछुल्ल छन् ।**

**यस्तै विषयमा सदनमा अब छलफल हुनुपर्ने हो । अर्थमन्त्री विष्णु पौडेलमाथि प्रश्न गर्नुपर्ने हो । यसको सैद्धान्तिक पक्षमा बहस हुनुपर्ने हो । तर प्रतिपक्षले भने गृहमन्त्रीको राजीनामालाई मुख्य मुद्दा बनाएको छ । प्रतिपक्षले यसो गरिरहँदा सत्तापक्षलाई बजेटबारे निकै हाइसञ्चो भइरहेको छ । यसले अब बजेट छलफलबिनै पारित हुने सम्भावना बढेको छ ।**

**यसैले पनि प्रतिपक्षी दल यस विषयमा सचेत हुनैपर्ने अवस्था आइसकेको छ । अहिले गृहमन्त्रीको राजीनामा माग्दा स्पष्ट र एक भएर राजीनामा माग्नु उचित देखिन्छ । विपक्षी दलमा अहिले दरार देखिएको छ । प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्र आफैं पनि गृहमन्त्रीको राजीनामा विषयमा स्पष्ट देखिँदैन । यता राष्ट्रिय प्रजातन्त्र पार्टीले यो मुद्दामा साथ दिइरहेको छैन । यसले गर्दा गृहमन्त्रीको राजीनामा माग्ने विषय कमजोर बन्दै गएको छ । यसले गर्दा भोलि प्रतिपक्षीमाथि नै प्रश्न उठ्न अवस्था आउने सक्ने देखिएको छ । कि त यो बजेटमाथि छलफल हुन नदिने प्रपञ्च हुन सक्छ, कि त सरकार बदल्ने प्रपञ्च । स्वतन्त्र नागरिकले प्रतिपक्षीको पछिल्लो कदममाथि प्रश्न उठाउन थालेका छन् ।**

**त्यसैले कि त गृहमन्त्रीको राजीनामा वारपार लगाउने हिसाबले प्रतिपक्ष गोलबद्ध हुनुपर्‍यो । नभए यसरी प्रतिनिधि सभालाई यसरी दैनिक बन्धक बनाउन पाइँदैन । जनताको प्रतिनिधित्व गर्ने प्रतिपक्षीले आगामी रोडम्याप बोकेको बजेटमाथि छलफल गर्न मार्गप्रशस्त गर्नपर्छ । यसका लागि प्रतिनिधि सभाका सभामुख देवराज घिमिरेले समन्वय गर्नपर्छ । सभामुख घिमिरेले पछिल्लो समय आफ्नो पदीय दायित्वलाई सबलीकरण गर्दै लगेमात्र यो सम्भव देखिन्छ ।**

## श्रम सरोकार

### नेपालमा पैसा पठाउँदा ध्यान दिनुपर्ने कुराहरु

विदेशमा कमाएको पैसा सुरक्षितसँग घरमा पठाउनु उत्तिकै आवश्यक छ । अवैधानिक माध्यमबाट पठाउँदा ठगीमा परिने सम्भावना हुन्छ । विदेशबाट नेपालमा आफ्ना आफन्तलाई पैसा पठाउन बैंक खाता वा रेमिटचान्स कम्पनीहरूको प्रयोग गर्न सकिन्छ । अझ रेमिटचान्सबाट पठाउन तुलनात्मकरूपमा सस्तो, सहज र भरपर्दो हुन्छ । वैधानिक माध्यमबाट रेमिटचान्स पठाउनेलाई सरकारले विभिन्न सुविधासमेत दिएको छ ।

नेपालमा पैसा पठाउन विभिन्न रेमिटचान्स कम्पनीहरूले सेवा दिँदै आइरहेका छन् । आफू कार्यरत देशबाट कुन–कुन रेमिटचान्स कम्पनीले नेपालमा पैसा पठाउन काम गरिरहेका छन् भन्ने बुझ्नुपर्छ । अझ यसमा बुझ्न के जरुरी छ भने ती रेमिटचान्स कम्पनी नेपालमा रेमिटचान्स कारोबार गर्न अनुमति प्राप्त कम्पनी हो कि होइन । कतिपय अनुमति नलिई सञ्चालन गरिएको कम्पनीले कम सेवा शुल्क र बढी विनिमय दरमा पठाइदिने प्रलोभनमा पारेर ठगी गर्न सक्छन् । यसमा सचेतता अपनाउन जरुरी छ ।

रेमिटचान्स पठाउँदा पूर्ण विवरणसहित रकम पठाएको भौचर लिन अनिवार्य हुन्छ । त्यस्तो भौचर सुरक्षित राख्नुपर्छ । केही कारण नेपालमा पाउनुपर्ने व्यक्तिले नपाएको खण्डमा उक्त भौचरमार्फत दाबी गर्न सकिन्छ । यसका अलावा नेपालमा आउँदा सरकारले दिएका विभिन्न सेवा लिनका लागि पनि यस्तो भौचर आवश्यक पर्दछ ।

विदेशमा रहेका बैंक खातामार्फत पनि पैसा पठाउन सकिन्छ । यसका लागि पैसा पठाउने र प्राप्त गर्ने दुवै व्यक्तिको बैंक खाता हुनुपर्छ र बैंकको अन्तर्राष्ट्रिय सञ्जाल हुन पनि जरुरी हुन्छ । पैसा पठाउने व्यक्तिले पैसा प्राप्त गर्ने व्यक्तिको बैंकको नाम, खाता नम्बर र बैंकको एक अन्तर्राष्ट्रिय कोड जसलाई 'स्विफ्ट कोड' भनिन्छ, यी जानकारीहरू बैंकमा उपलब्ध गराएपछि इच्छाइएको व्यक्तिको खातामा रकम पुग्ने छ । यो माध्यमबाट पैसा पठाउन साधारणतया रेमिटचान्सभन्दा महँगो पर्छ ।

पैसा पठाउने क्रममा अनौपचारिक र गैरकानुनी माध्यमहरू पनि भेटिन्छन् । यस्ता संयन्त्रमा आफूले पठाएको पैसाको कुनै ग्यारेन्टी नहुने हुनाले पैसा डुब्ने जोखिम धेरै हुन्छ । त्यसैले हुण्डीलगायत अवैधानिक च्यानल र व्यक्तिगत माध्यमबाट कहिल्यै पनि पैसा पठाउनु हुँदैन । यसरी अवैधानिक च्यानलबाट पैसा पठाउँदा भोलि नेपालमा आएपछि पनि समस्या हुनसक्छ । त्यसैले सधैं नेपाल राष्ट्र बैंकबाट अनुमतिप्राप्त रेमिटचान्स कम्पनी र तिनका आधिकारिक एजेन्टमार्फत वा बैंकिङ च्यानलमार्फत मात्रै पैसा पठाउने गर्नुपर्छ ।

# पुँजीबजारबाट पैसा कमाउने 'स्मार्ट' उपाय



■ अचुतकुमार ओझा

पुँजीबजारमा गरिने लगानीले सीधा खालको प्रतिफलमात्रै नभई अप्रत्यक्ष लाभहरु दिइरहेको हुन्छ । समुद्रमा जानेले जस्तो भाँडा बोकेर जान्छन् त्यति नै पानी पाउँछन् भनेजस्तै धितोपत्र बजारमा पनि जसले जस्तो ज्ञान र सीप प्रयोग गर्छ सोहीबमोजिमको प्रतिफल भेटिने निश्चित छ । यसैले हरेक लगानीकर्ताले बजारमा लगानी गर्नुपूर्व पैसा बनाउने रहस्य बुझ्न जरूरी छ । सम्पति निर्माणमा बजारले कसरी काम गरिरहेको छ ? थाहा पाएर लगानीको यात्रालाई आरम्भ गर्नसक्ने हो भने लक्ष्यसम्म पुग्ने बाटो पहिल्याउन खास समस्या छैन ।

पुँजीबजारमा केही अदृश्य रहस्य रहेका हुन्छन् । यसलाई पहिचान गर्नसक्नु नै लगानी सफलताको हो । एकै समय एकथरी लगानीकर्ता बजारमा लाभका हिसाबले उच्च आशा र भरोसा राख्ने गर्दछन्, भने अर्काथरी डर र त्रासले भरिएका हुन्छन् । यसले गर्दा बजारको सूचकांक घटबढ भइरहन्छ । बजारको वास्तविक सुन्दरता नै यसको उतारचढाव हो । यही तलमाथि भइरहने बजारको चरित्ररुपी रसीले मान्छेलाई बजारबाट भाग्न दिँदैन, कसेर राखी राखेको हुन्छ । हरेक लगानीकर्तामा पैसाको भोक रहनु सामान्य हो तर त्यसको खुराक भेटाउन सक्ने उर्वर ठाउँ धितोपत्र बजार हुनसक्छ । यसका लागि पैसा कमाउनेभन्दा बनाउन जान्नु आवश्यक छ, पुँजीबजारले कसरी पैसा छाप्छ ? भन्ने जादुमयी रहस्य बुझेपछि मात्रै सम्भव छ ।

बजारमा भएको जोखिम थाहा पाउँदै आफ्नो अध्ययन, क्षमता, सीप र अनुभव बढाउँदै त्यसको न्यूनीकरण गरेर बजारबाट खजना कसरी लिन सकिन्छ ? त्यो बताउनु यसको मुख्य प्रयास हो । धितोपत्र बजारले सीमित आयमा खुम्चिएका र एक किसिमलेभन्दा अभावमा बाँचिरहेका व्यक्तिलाई कसरी अवसर दिन सक्छ ? त्यो अवसरले कसरी आर्थिक सुरक्षाबाट स्वतन्त्रताको स्तरसम्म पुर्‍याउन सक्छ ? र त्यो रहस्यमयी काम कसरी गरिरहेको हुन्छ ? हरेक व्यक्तिले बुझेर बजारमा डुबुल्की मार्ने हो भने उसले वित्तीय स्वतन्त्रता पाउने पक्का छ । बजारले गर्ने चमत्कारी काम थोरै समय निकालेर अध्ययन गर्ने हो भने सजिलै पहिचान गर्न सकिन्छ । यस्तो भित्री तत्व थाहा नपाई लगानी गर्नेले भन्दा थाहा पाएर गर्नेले धेरै लाभ बजारबाट उठाउन सक्छ, प्रतिस्पर्धाको दौडमा विजेतालाई दिइने पदकको हकदार हुने पक्कापक्की छ ।

पैसा कमाउने विभिन्न स्मार्ट तरिकाहरू हुने गर्छन् । कुनै समय एउटा खर्बपति जन्मन दशकौं लाग्थ्यो तर वर्तमान समयमा एक–दुई वर्षमा जन्मनसक्ने भएको छ । यस्तो कसरी सम्भव भयो ? हरेक व्यक्तिमा जिज्ञासा रहनु स्वाभाविक हो । खासगरी प्रविधिको विकास र फैलँदो धितोपत्र बजारका कारण यो जादू देखिने गरेको छ । बिलिनियर बन्ने थुप्रै स्मार्ट तरिकामध्ये धितोपत्र बजारको महत्त्व सबैभन्दा माथि छ । यदि हामीले त्यसले कसरी काम गर्छ ? बजारमा कस्तो जादू हुन्छ ? रहस्य के छ ? थाहा पाउन सक्यौं भने धनी हुने बाटो धेरै टाढा रहँदैन । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) को तथ्यांकलाई हेर्ने हो भने सन् १९९३ मा १५७ बिन्दुबाट सुरुआत भएर सन् २००० मा ५४५ बिन्दुमा पुग्यो तर त्यसको १८ महिनामा नै बजार १८६ अंकमा झर्‍यो । पुनः सुधार हुँदै सन् २००८ मा ११७५ को बिन्दु चुम्न पुग्यो तर २०१२ मा परिसूचक २९८ मा झर्‍यो ।

सन् २०१६ मा १८८१ बिन्दुको शिखर टेक्न सफल भएकामा फेरि २०१६ देखि २०१९ भित्रमा परिसूचक ११०४ मा ओर्लियो । त्यसपछि २०२१ मा लगभग ३२०० अंकको सर्वकालीन उच्च बिन्दुमा पुग्यो र २०२२ मा आइपुग्दा पुनः लगभग १८०० अंकमा सीमित भयो । क्रमशः सुधारहुँदै सन् २०२५ मा आइपुग्दा सूचकांक २७१० को सेरोफेरोमा घुमिरहेको छ । यस तथ्यांकले के देखाउँछ भने बजार बुल हुँदा प्रवेश गरेकाहरू पनि अघिल्लो बुलदेखि दोस्रो बुलसम्म धैर्यता राख्न सक्छन् भने बढ्दो बजारको फाइदा नै पाउने छन् । तथ्यांकमा एक बुलदेखि अर्को बुलमा पुग्दा बजारको वृद्धि औसतमा ७० प्रतिशत देखिन्छ । हरेक पटक उच्च बिन्दुमा परेकाहरू अर्को पटकको उच्च बिन्दुमा निस्कन पाउने हो भने सम्पत्ति ७० प्रतिशत बढ्ने देखिन्छ । आफ्नो लगानीको ६०० प्रतिशत प्रतिफल बजारबाट लिनसक्ने इतिहास विगतको अवस्थाले देखाउँछ ।

### सानो रकमबाटै सुरुआत गर्न सकिने

पुँजीबजार त्यो स्थान हो जहाँ सानो रकमबाट आफ्नो लगानीको यात्रा प्रारम्भ गर्न सकिन्छ । धितोपत्र बजारबाहेक सायद अन्य कुनै ठाउँ छैन जहाँ एक हजार रुपैयाँ लगानी गर्न सकियोस् र प्रतिफलको अपेक्षा राख्न पाइयोस् । रियलस्टेट, यातायात व्यवसाय, मुद्रा बजार वा सुनचाँदीलगायतको उद्यममा यति थोरै लगानीबाट सुरुआत गर्न सम्भव छैन । पुँजीबजार यस्तो स्थान हो, जहाँ सानो रकमदेखि संसारको धनाढ्यको सबै सम्पत्ति लगानी गर्न सकिन्छ । टीका लगाएको दक्षिणा, खुत्रुकेमा राखेको सानोसानो बचत वा आफ्नो बिक्री गरेको पूरा सम्पत्ति थोरैदेखि धेरै सबैखाले रकम पुँजीबजारमा अट्ने गर्छ । आफ्नो हैसियतअनुसार कम चाहिएमा थोरै र बढी चाहिएमा धेरै रकम धितोपत्र बजारमा लगानी गर्न सकिन्छ । यो बजारमा धनीदेखि सामान्य व्यक्ति सबै अट्न र कमाउनसक्ने अवसर रहेको हुन्छ ।

### दीर्घकालीन सम्पति सिर्जना

पुँजीबजार यस्तो स्थान हो जहाँ सही लगानी गर्न सकियो भने पाँच, १० वा २० वर्षको समयमा राम्रो सम्पत्ति बनाउने सम्भावना रहन्छ । खासगरी थोरै पैसाबाट सुरुआत गरेर बजारको खेल सिक्दै र लगानी फैलाउँदै धनको सिर्जना गर्न सकिन्छ । चाहे त्यो संस्थापक सेयर होस्, प्रारम्भिक सार्वजनिक निष्कासन (आइपिओ) वा दोस्रो बजारमा लगानी गर्दै गएमा लामो समयमा सेयरबजारले सम्पत्तिको कम्पाउडिङसमेत गर्नसक्ने हुँदा सेयरमा गरिएको लगानीले दीर्घकालीन सम्पत्ति बनाउन मद्दत गर्छ । संसारका सबै सेयरबजारको इतिहास हेर्ने हो भने लामो समयमा बढेर गएको देखिन्छ, जसले लगानीकर्ताको सम्पत्ति बढाउने र बैंकमा राखेर प्राप्त हुने ब्याजभन्दा उच्च प्रतिफल दिएको तथ्यांकहरूले देखाउने गरेको पाइन्छ ।

यसर्थ, सेयरबजारमा गरिएको लगानीले सम्पत्ति बनाउन टेवा पुग्नुका साथै उक्त सम्पत्तिबाट नियमित लाभ लिँदै आर्थिक स्वतन्त्रताको बाटोमा आफूलाई हिँडाउन सहज हुने छ । नेपालको नेप्सेलाई हेर्ने हो भने करिब २७ वर्षको अवधिमा १५७ अंकबाट ३२०० बिन्दुमा पुगेको देखिन्छ । यसमा नेप्से परिसूचकको औसत चक्रिय वार्षिक वृद्धि हेर्ने हो भने हरेक वर्ष १४.२३ प्रतिशतको देखिन्छ ।

### नगदमा तुरुन्त बदल्न सकिने

धितोपत्र बजारमा गरिएको लगानी संसारको सबैभन्दा छिटो नगद बनाउन सकिने सम्पत्तिमध्ये एक हो । उदाहरणका लागि रियलस्टेट, गाडी, मेसिन वा अन्य सम्पत्तिलाई तत्काल नगदमा बदल्न असम्भव हुने गर्छ तर धितोपत्र बजारका उपकरणहरूलाई सजिलै रुपान्तरण गर्न सकिन्छ । पुँजीबजारका औजारहरू (सेयर, डिवेञ्चर, बण्ड र हकप्रद सेयर, म्युचुअल फण्ड आदि) जति छिटो अन्य व्यवसाय वा सम्पत्तिलाई नगदमा परिवर्तन गर्न सम्भव छैन । मानिसलाई चाहिने आपत्कालीन कोषदेखि भैपरी आउने खर्चसमेत धितोपत्र उपकरणमा लगानी गरेर राखिएको छ भने पनि चाहिएको समयमा बिक्री गरेर आवश्यक रकम निकाल्न सकिन्छ । चाहिएको समयमा नगदमा बदल्नुपर्ने पैसासमेत धितोपत्र बजारमा लगानी गर्नु उपयुक्त हुनसक्ने देखिन्छ । खासगरी लगानी गरिरहेको समयमा कुनै नयाँ र उच्च मुनाफामुखी अवसर प्राप्त हुन आएमा तरलताकै अभावमा त्यस्ता आयोजना छोड्नुपर्ने अवस्था आउँदैन ।

### उच्च प्रतिफलको सम्भावना हुने

धितोपत्र बजार सम्भावना र जोखिमको क्षेत्र हो । यदि बजारको राम्रो अध्ययन, विश्लेषण र अभ्यास गर्नसक्ने हो भने नसोचेको लाभ लिन सकिन्छ । एकपटक लगानी गरेपछि वर्षौंसम्म प्रतिफल लिन सकिन्छ । धितोपत्रमा गरेको लगानीबाट बोनस, हकप्रद र नगद लाभांश लिन सकिन्छ । बजार बढ्दै गर्दा र आफूले किनेको कम्पनीको मूल्य खरिद गरेभन्दा उच्च हुँदै जाँदा बढीमा बिक्री गरेर पुँजीगत लाभसमेत लिन सकिन्छ । बजारमा वृद्धि र गिरावटको चक्र चलिरहेकै हुन्छ । न्यूनबिन्दुको आसपास खरिद र उच्चबिन्दुको छेउछाउ बिक्री गर्नसक्ने सीप र कला यदि लगानीकर्ताले आफूमा विकास गर्न सक्ने हो भने बजारबाट नसोचेको लाभ लिनसक्ने अवस्था बन्छ । सही समयमा ठीक लगानी गर्नसक्ने क्षमता आफूमा विकास गर्नसक्ने हो भने बजारबाट उच्च प्रतिफल पाउने निश्चित छ ।

### मालिक बन्ने अवसर

सेयर खरिद गर्नु भनेको केबल लगानी गर्नुमात्रै होइन, बरु आफूले खरिद गरेको सेयरबराबर सम्बन्धित कम्पनीको स्वामित्व प्राप्त गरेर स्वामी बन्नु पनि हो । जो व्यक्ति आफैं कम्पनी खोलेर व्यवसाय निर्माण गर्न सक्दैन वा भ्याउँदैन तर कम्पनीको मालिक बनेर उद्यम गर्न चाहन्छ भने त्यस्ता व्यक्तिका लागि कम्पनीमा जोडिने र आम्दानीको स्रोत विस्तार गर्ने उपयुक्त माध्यम नै सेयरबजार हो अर्थात् सेयरको खरिद गर्नु हो । यसैले सेयर किन्नु भनेको कम्पनीको निश्चित हिस्सा खरिद गर्नु हो । सेयरबजारले कम्पनी खडा गर्न नसक्नेलाई सेयर हिस्सा किनेर पनि मालिक बन्नसक्ने अवसर प्रदान गर्दछ । एउटा सेयरधनीले चाहेमा प्रतिस्पर्धाबाट छनोटहुँदै सञ्चालकसम्म बन्नसक्ने अवसर सेयरबजारले दिन सक्छ । यस कारण पुँजीबजार लगानीको अवसरमात्रै नभई कम्पनीको नेतृत्व गर्ने आधारस्तम्भ पनि हो ।

### आफ्नो पेसा तथा व्यवसायसँगै गर्न सकिने

सेयरबजारमा लगानी गर्नका लागि लगानीकर्ताले गरिरहेको रोजगारी, उद्यम वा व्यवसाय छोडेर समय दिइरहनु पर्दैन । यसका लागि अन्य पेसा तथा व्यवसायलाई निरन्तरता दिएर नै लगानी गरिराख्न सकिन्छ । पुँजीबजारमा प्रवेश र कारोबार गर्नका लागि आफ्नो भइरहेको पेसा व्यवसायले कुनै अवरोध र बाधा पुर्‍याउँदैन । बरु धितोपत्र बजारमा लगानी गरिरहेका व्यक्तिले चाहेमा नयाँ पेसा वा व्यवसाय गर्नका लागि कुनै रोकतोक रहँदैन । सेयरबजारमा गरिने लगानी र व्यवसायसँगै गर्न सकियो भने लगानी विविधीकरण हुने र आम्दानीका नयाँ स्रोतसमेत प्राप्त हुने देखिन्छ । आफूले सञ्चालन गरिरहेको वा गर्न चाहेको व्यवसायलाई निरन्तरता दिँदै साथमा पुँजीबजारमा गरिने लगानीलाई अगाडि बढाउन सकियो भने एउटा क्षेत्रमा नोक्सान हुँदा अर्को क्षेत्रमा प्राप्त हुने मुनाफाले आफ्नो व्यवहार सञ्चालन गरी राख्न सकिन्छ ।

### अनलाइनबाट कारोबार

विगतका समयहरूमा धितोपत्रमा लगानी गर्दा खासगरी प्रारम्भिक सार्वजनिक निष्कासनमा आवेदन दिनुपर्दा घण्टौंसम्म लामो लाइनमा उभिएर फाराम भर्नुपर्थ्यो भने भौतिकरूपमा सशरीर आफैं उपस्थित हुनुपर्ने स्थिति थियो । दोस्रो बजारमा कारोबार गर्दा धितोपत्र दलाल कम्पनीमा जानुपर्ने र खरिद वा बिक्रीका लागि आवश्यक आदेश फाराम भर्ने गर्नुपर्थ्यो । अहिले यी दुवै समस्याको समाधान भइसकेको छ । आइपिओमा मेरो सेयर, सिआस्वा, डिम्याट, बैंक खाता र प्यान नम्बर भएपछि आफू बसेको स्थानबाट नै अनलाइनमार्फत आवेदन गर्न सकिन्छ ।

यस्तै दोस्रो बजारमा कारोबार गर्न ट्रेड म्यानेजमेन्ट सिस्टम (टिएमएस) खाता खोल्नुपर्ने हुन्छ । यस्तो खाता खोलिसकेपछि उक्त खातामार्फत आफूसँग भएको धितोपत्रलाई बिक्री गर्न सकिन्छ भने आवश्यक कोल्याटर जम्मा गरेर धितोपत्रको खरिद गर्न पनि पाइन्छ । यसका लागि लगानीकर्ता ब्रोकरको कार्यालय धाइरहनु पर्दैन । पहिलाको जस्तो ब्रोकरले आफ्नो आदेश राखिदियो दिएन भन्ने कुनै द्विविधा पनि रहँदैन, अहिले आफैंले सीधै आदेश टिएमएस प्रणालीमा राख्नसक्ने भएकाले आफू जहाँ भएता पनि धितोपत्रको कारोबार गर्न सकिन्छ । यसरी खरिद गरेको धितोपत्रको भुक्तानी गर्नुपरेमा वा बिक्री गरेको धितोपत्रको रकम प्राप्त गर्नुपरेमा डिजिटल बैंकिङमार्फत गर्न सकिने भएकोले स्वदेश वा विदेश जहाँ रहेर पनि धितोपत्र कारोबार गर्न सकिने अवस्था बनेको छ ।

### निष्क्रिय आय

हरेक मानिसले जीवनमा समय र वित्तीय स्वतन्त्रता खोज्ने गर्दछन् । यी दुवै स्वतन्त्रताको मूल स्रोत तपाईंको निष्क्रिय आयमा (पेपर एसेस्ट, रियलस्टेट, कमोडिटी, सिस्टम व्यवसाय आदि) भर पर्छ । जबसम्म सक्रिय आयमा (आत्मनिर्भर, स्वरोजगारी वा रोजगारी) हाम्रो आम्दानी सीमित रहन्छ, तबसम्म समय र वित्तीय स्वतन्त्रताको स्वाद लिन सकिँदैन । यसरी आफ्नो समय र जवानी सुम्पिएर गरिने आयमा खुम्चिएर रहनुभन्दा त्यस्ता सक्रिय आयलाई निष्क्रिय आयमा बदल्न जानियो र सकियो भने जीवनको सुख र खुसी थाहा पाउन सकिन्छ । यस्तो निष्क्रिय आय बढाउँदै लैजाने एक उत्तम उपाय हामीले प्राप्त गरेको सक्रिय आयलाई क्रमशः निष्क्रिय आय दिने सम्पत्तिमा लगानी बढाउँदै लैजानु हो । यस्ता सम्पत्तिमध्ये पुँजीबजार सबैभन्दा उपयुक्त रहने गरेको देखिन्छ । सेयरबजारमा थोरैबाट सुरुआत गर्न सकिन्छ भने ठूलो धनराशिलाई पनि लगानी गर्न पाइन्छ । यसरी गरेको लगानीले लगानीकर्तालाई निरन्तर लामो समय नगद, बोनस, हकप्रद वा पुँजीगत लाभका रूपमा निष्क्रिय आय दिइरहने गर्दछ । विश्वका धनीहरूको सबैभन्दा बलियो हतियार नै निष्क्रिय आय हो । जहाँ दैनिक कुनै पेसा वा व्यवसायमा उपस्थित भए जसरी हाजिर भइरहनु पर्दैन आफ्नो अनुकूल समयमा अध्ययन र मिहेनत गर्न सकिन्छ । निष्क्रिय आय बढ्दै जाँदा मान्छेलाई रोबर्ट कियोसाकीले 'धनी बुबा, गरिब बुबा' मा भनेजस्तै दैनिक १०–५ बजेको 'र्‍याट रेस' बाट मुक्ति प्राप्त हुन्छ तर पनि प्रतिफल भने दिइ नै रहन्छ ।

### सम्पति सुरक्षामा खर्च नहुने

कयौं क्षेत्रमा हुने लगानीमा लगानीकर्ताले आफ्नो सम्पत्तिको रक्षाका लागि ठूलोमात्रामा धनराशि खर्च गर्नुपर्ने हुन्छ । यदि त्यसो गरिएन भने हराउने, टुटफुट हुने, नासिएर जाने वा चोरी हुनेजस्ता समस्या आउनसक्छ । खासगरी भौतिक सम्पत्तिमा भएको लगानी संरक्षणका लागि कहिलेकाहीँ उक्त सम्पत्तिले दिने प्रतिफलभन्दा पनि धेरै व्ययभार लाग्ने गरेको पाइन्छ । तर धितोपत्रमा गरिएको लगानी एक अभौतिक सम्पत्ति भएकाले यसको सुरक्षामा खासै खर्च लाग्ने गर्दैन । यो चोरी भएर वा हराएर जाने, आगलागी वा प्राकृतिक प्रकोपले नाश हुने, यसलाई राख्नका लागि ठूलो स्थान चाहिनेजस्ता समस्या रहँदैन । केबल कारोबारका लागि आफूमा ज्ञान, सीप र अनुभव बढाउनसक्ने हो भने पुँजीबजारबाट प्राप्त सम्पत्ति संरक्षणका लागि कुनै जोखिम लिनु पर्दैन ।

### लगानीमा विविधीकरण

सफल लगानीकर्ताले विभिन्न क्षेत्रमा लगानी गरिरहेका हुन्छन् । आफूसँग भएको पैसालाई पनि एउटै क्षेत्रमा नभई फरक क्षेत्रमा लगानी गर्न सक्ने हो भने जोखिम न्यूनीकरण र प्रतिफलको थप अवसर प्राप्त हुने देखिन्छ । यसैले लगानीकर्तालाई आफ्नो पुँजी सुरक्षित र बढी प्रतिफलमुखी बनाउनका लागि लगानी विविधीकरणको अवसर धितोपत्र बजारले उपलब्ध गराउँछ । खासगरी धितोपत्र बजारमा धेरै किसिमका उपकरणहरू जस्तैः सेयर, डिवेञ्चर, बोण्ड, हकप्रद सेयर र म्युचुअल फण्ड आदि हुनेहुँदा आफ्नो क्षमता र योग्यताअनुसारको औजारमा लगानी गर्न सकिन्छ । यस्तै सेयरमा लगानी गर्दा पनि फरक क्षेत्र (बैंक तथा वित्तीय, उत्पादनमूलक, विद्युत् र होटल आदि) का कम्पनीहरूको छनोट गरी लगानी विविधीकरण गर्न सकिन्छ । सेयरबजारले लगानी विविधीकरणमार्फत लगानीकर्तालाई कम जोखिममा धन प्राप्त गर्न मद्दत गरिरहेको हुन्छ ।

### चक्रिय वृद्धि


लगानीमा चक्रीय वृद्धि भनेको कुनै ठाउँमा गरिएको लगानीबाट प्राप्त लाभांशलाई पुनः त्यसै क्षेत्रमा लगानी बढाउँदै क्रमशः प्रतिफल बढाउँदै जाने र त्यसबाट प्राप्त आयलाई पुनःलगानी गर्ने, यस क्रमलाई निरन्तर लामो समयसम्म प्रयोग गरियो भने सम्पत्ति द्रुत गतिमा बढाउन सकिन्छ । यसले लगानी र मुनाफालाई झन छिटो बढ्न मद्दत गर्दछ । यसको बलियो उदाहरण वारेन्ट बफेटको लगानी रणनीतिलाई लिन सकिन्छ । बफेटले लगानीमा उच्च प्रतिफलभन्दा उचित प्रतिफलमा जोड दिए भने आठ दशकदेखि निरन्तर विनाविश्राम लगानी गरिरहेका छन् । उनलाई थाहा छ, लगानीमा सबैभन्दा शक्तिशाली भनेको समय हो, समयको सहयोगमा चक्र वृद्धिमार्फत अथाह धन जोड्न सम्भव छ । यसैका कारण दशकौंदेखि विश्वका १० धनीमध्ये एकमा आफूलाई टिकाइराख्न सफल भएका छन् ।

यस क्षेत्रमा थोरै रकम पनि लगानी गर्न सकिने भएकाले पहिला लगानी गरिएको पुँजीबाट प्राप्त लाभांशलाई पुनः सेयरमा नै लगानी गर्न सकिन्छ, त्यो रकमले पनि पैसा कमाउन थाल्छ, जसले गर्दा सम्पत्ति झन् छिटो बढ्छ । अल्बर्ट आइस्टाइनले भनेजस्तै संसारको आठौं आश्चर्य अर्थात् चक्रीय वृद्धिले तपाईंको वासलतमा रहेको सम्पत्ति कोलमको योगफल बढोत्तरीमा जादुमयी काम गर्न थाल्ने छ, जुन अपत्यारिलो लागेता पनि यथार्थ हुने छ । यतिमात्रै होइन, सेयरको मूल्य समयसँगै बढ्ने भएकाले मुद्रास्फीतिको असरबाट पैसा जोगाउन र त्यसलाई जित्न सहयोग गर्छ ।

यसरी पुँजीबजारमा गरिने लगानीले सीधा खालको प्रतिफलमात्रै नभई अप्रत्यक्ष लाभहरू दिइरहेको हुन्छ । समुद्रमा जानेले जस्तो भाँडा बोकेर जान्छन् त्यति नै पानी पाउँछन् भनेजस्तै धितोपत्र बजारमा पनि जसले जस्तो ज्ञान र सीप प्रयोग गर्छ सोहीबमोजिमको प्रतिफल भेटिने निश्चित छ । यसैले हरेक लगानीकर्ताले बजारमा लगानी गर्नुपूर्व पैसा बनाउने रहस्य बुझ्न जरुरी छ । सम्पति निर्माणमा बजारले कसरी काम गरिरहेको छ ? थाहा पाएर लगानीको यात्रालाई आरम्भ गर्नसक्ने हो भने लक्ष्यसम्म पुग्ने बाटो पहिल्याउन खास समस्या छैन । यसैले धन कमाउने रहस्य धितोपत्र बजारमा छ । यसका लागि आफूलाई सधैं अब्बल बनाइराख्न आफ्नो योग्यता, अनुभव, अध्ययन र सिकाइलाई चम्काइराख्न खाँचो देखिन्छ । *रासस*

*(लेखक सेयरबजारका जानकार हुन्)*

# पक्की सडकले सुगम बने पर्वतका विकट ग्रामीण बस्ती



**पर्वत–** कुनै समय थियो, सरकारी वा गैरसरकारी निकायका कर्मचारीको पर्वत जिल्लामा सरुवा भयो भने आउन मान्दैनथे । पर्वत भनेको डाँडाकाँडा मात्रै भएको विकट जिल्ला होला, सडक सुविधा छैन होला भन्ने आम सोच थियो ।

वि.सं. २०४८ तिर जिल्लामा तत्कालीन भूपि शेरचन राजमार्गको रुपमा पोखरा-बागलुङ राजमार्ग विस्तार भयो । जसले सदरमुकाम कुश्मा बजारलाई जोड्यो । तर बागलुङबाट छुट्ने सबै सवारीसाधनमा पर्वत वा कुश्मा भनेर लेखिएको हुँदैनथ्यो । बागलुङ र म्याग्दी भन्नेमात्रै हुन्थ्यो ।

यतिमात्र हैन कुनै बेला मकै, घिउ, चामल, महलगायत स्थानीय उत्पादनको भारी बोकेर पैदल हिँड्दा पाँच दिनसम्मको यात्रा गरेर बुटवल पुगिन्थ्यो । आफूले लगेको वस्तुसँग नुन, चिनी, चियापतीजस्ता वस्तु साटेर फेरि पाँच दिनको पैदलयात्रा गरेर फर्किन्थ्यो । उतिबेला निकै दुःख थियो, सडक, बिजुली भन्ने कुरा कल्पनासमेत गरिएको थिएन । बिहादी गाउँपालिका-२ बर्राचौरका ८३ वर्षीया इन्द्रप्रसाद पराजुलीले चार दशकअघिका दुःख सम्झँदै भने, 'नुन बोक्न जाँदा कतिपय बाटोमै बित्थे, भीरबाट लडेर अंगभंगसमेत हुन्थ्यो । म पनि कयौं पटक नुनको भारी बोक्न आफन्तसँग गएको थिएँ । अहिलेको यो परिवर्तन देख्दा र ती कहाली लाग्दा दिन उमेर सम्झेर अचम्म लाग्छ ।'

विकासले पिछडिएर जिल्लाकै कालापानी भनेर परिचित दक्षिण पर्वतका तीन पालिकाको अवस्था अहिले निकै फरक भइसकेको छ । उत्तर-दक्षिण जोड्ने सबैभन्दा छोटो मार्ग कालीगण्डकी करिडोर विस्तारपछि कालापानीको परिचय फेरिएर सुगम क्षेत्र बन्न पुगेको छ । पर्वत जिल्लामा संघीयताअघि नै तत्कालीन ५५ वटै गाविसमा सडक सञ्जालले छोएको थियो । वडा तहसम्म सडक सञ्जाल फैलिए हिउँदका केही महिनामात्र मुस्किलले यातायातको सुविधा पाइन्थ्यो । वर्षायाम लागेपछि ती सडकहरू ठप्प नै हुन्थे । समयमा मर्मत हुँदैनथ्यो, बजेट कम हुन्थ्यो ।

> पर्वत जिल्लामा संघीयताअघि नै तत्कालीन ५५ वटै गाविसमा सडक सञ्जालले छोएको थियो । वडा तहसम्म सडक सञ्जाल फैलिए हिउँदका केही महिनामात्र मुस्किलले यातायातको सुविधा पाइन्थ्यो । वर्षायाम लागेपछि ती सडकहरु ठप्प नै हुन्थे । समयमा मर्मत हुँदैनथ्यो, बजेट कम हुन्थ्यो ।

वि.सं. २०६५ पछि दोविल्ला-फलेवास सडक र कुश्मा-दुर्लुङ सडक तत्कालीन ग्रामीण पूर्वाधार विकास आयोजनामार्फत स्तरोन्नति थालियो । केही ग्रामीण सडक सञ्चालनमा आए । उत्तर-दक्षिण जोड्ने कालीगण्डकी करिडोर पर्वत हुँदै ट्र्याक खोल्न सुरु गरेपछि जिल्लाको कालापानी भनेर चिनिने दक्षिण पर्वतको विहादी र पैंयु गाउँपालिकामा पनि सडकका पहुँच पुग्न थाल्यो । वर्षायाममा नभए पनि हिउँदका महिनामा ग्रामीण क्षेत्रका नागरिकले सडक सुविधा पाउन थाले ।

अहिले पर्वतको परिचय पहिलेको जस्तो छैन । पर्वत सुगम जिल्लाको रुपमा परिचित छ । संघीयता कार्यान्वयनसँगै तीनै तहका सरकारको पहलमा जिल्लाका सबै टोल बस्तीमा सडकको पहुँच पुगेको छ । सडकबाट घरसम्म जानका लागि जस्तोसुकै विकट बस्तीका नागरिकलाई पाँचदेखि १० मिनेटभन्दा बढी हिँड्नुपर्ने अवस्था नरहेको जिल्ला समन्वय समिति पर्वतका प्रमुख विष्णुराम विक बताउँछन् ।

पर्वतका सबै टोल बस्तीमा सहजरुपमा सडकको पुहुँच पुगिसकेको छ । जिल्लाका सातवटै स्थानीय तहसम्म कालोपत्रे सडकको सुविधा छ भने अधिकांश वडा कार्यालयसम्म कालोपत्रे सडकले छोएको अवस्था छ । आसपासका छिमेकी जिल्लाको तुलनामा पर्वत सडक पूर्वाधारमा उल्लेख मात्रामा विकास भएको विकको भनाइ छ ।

सडक सुविधा नहुँदा ग्रामीण क्षेत्रमा फलेका अन्नपात हुन वा बोटमा लटरम्म फलेका सुन्तला हुन बारीमै कुहाउनुपर्ने कुनै समयको बाध्यता थियो । तर अहिले हरेक कृषकको बगैँचासम्मै सडकको पहुँच पुगेको छ । जिल्लाको महाशिला-२ भोक्सिङका जीतबहादुर गुरुङ सडकको पहुँच पुगेसँगै फुरुङ बनेका छन् । वि.सं. २०६७ देखि १२ रोपनी क्षेत्रफलमा सुन्तला फलाएका गुरुङले दुई वर्षअघिदेखि बारीबाटै सुन्तला बिक्री गर्न पाएकोमा हर्षित छन् ।

ग्रामीण सडक सञ्जालले गाउँलाई जोडेपछि फलेवास-१० कुर्घाका देवेन्द्र शर्मासहितका दर्जनौं किसानको दुई वर्षयता सुन्तलालगायतका तरकारी तथा फलफूल बेचेर मनग्य आम्दानी गर्न सफल भएका छन् । दैनिक एक हजार ५०० लिटर दूध पोखरा पठाउँदै आएका शर्मासहितका किसानले यसअघि सडक समस्याका कारण सास्ती खेप्दै आएका थिए । जीतबहादुर र शर्माजस्तै कयौं किसानको उत्पादन अहिले गाउँबाट सीधै सहरसम्म पुग्ने गरेको छ । स्थानीय सरकारको सक्रियता र तीन तहको सरकारको विकासमा होडबाजी चलेका कारण पछिल्लो आठ वर्षयता पर्वतका ग्रामीण सडक स्तरोन्नति हुने क्रम तीव्ररूपमा अघि बढेको छ ।

तत्कालीन जिल्ला विकास समितिकै तथ्यांकअनुसार पर्वतमा वि.सं. २०७३ सम्म करिब दुई हजार २०० किलोमिटर सडकको कच्ची ट्र्याक खुलेको थियो । तर अहिले यसको दूरी बढेर दुई हजार ६०० को हाराहारीमा छ । ४९४ वर्ग किलोमिटरमा फैलिएको पर्वत जिल्लामा संघीयताको कार्यान्वयनसँगै स्थानीय तहले ती सडकको स्तरवृद्धिमा लगानी गरिरहेका छन् । प्रदेश र संघमा पहुँच हुने पालिका प्रमुखले मुख्य सडक स्तरवृद्धि तथा कालोपत्रको काम तीव्ररूपमा अघि बढाउँदै गएपछि अहिले जिल्लाका अधिकांश वडामा गुणस्तरीय सडकको पहुँच विस्तार भएको छ ।

कुश्मा नगरप्रमुख रामचन्द्र जोशीका अनुसार नगरका सबैजसो वडामा कालोपत्र सडक पुगेको छ । 'कच्ची सडकले नछोएको कुनै बस्ती छैन,' उनले भने, 'कालेपत्र हुन बाँकीमा पनि चाँडै काम हुन्छ ।'

जिल्लाको महाशिला गाउँपालिकाका अध्यक्ष ईश्वरीप्रसाद भुसालका अनुसार पालिकाका सबैजसो वडामा बाह्रै महिना सवारी सञ्चालन हुनेगरी सडक स्तरोन्नति गरिएको छ । 'मुख्य सडक प्रदेश र संघको प्राथमिकतामा परेका छन्,' उनले भने, 'केही ग्रामीण सडक हामीले कालोपत्रे गरेका छौं, प्राथमिकताका आधारमा अब टोलटोलमा विस्तार जाने तयारी गरेका छौं ।'

'एक घर, एक रोजगार', 'एक घर, एक टनेल'लगायतका कार्यक्रम सफल कार्यान्वयन गरेको महाशिलाले किसानको उत्पादन बजार पुऱ्याउन सडक सञ्जालको स्तरोन्नतिमा ध्यान दिएको उनले बताए । महाशिलामा १८३ किलोमिटर ग्रामीण सडकमध्ये २१ किलोमिटर कालोपत्र भएको छ ।

पर्वतका सातै पालिकाको तथ्यांकअनुसार हालसम्म करिब ४०० किलोमिटर ग्रामीण सडक कालोपत्रे भइसकेको छ । त्यसबाहेक करिब ५० किलोमिटर सडक ढलान छ । भिरालो र ओसिलो क्षेत्रको सडक कालोपत्र गर्दा टिकाउ नहुने भएकाले ढलान गर्नुपरेको प्राविधिकको भनाइ छ । पूर्वाधार विकास कार्यालय पर्वतका प्रमुख सन्तोष अर्यालका अनुसार गत वर्ष २० किलोमिटर सडक कालोपत्र भएको थियो । यस वर्ष १२ किलोमिटर सडक कालोपत्र गर्ने लक्ष्य रहेको छ । डेढ सय किलोमिटर सडक कालोपत्र गर्ने गरी ठेक्का सम्झौता भएकोमा केही सम्पन्न भएको छ भने केही सडक निर्माणाधीन अवस्थामा रहेका छन् ।

ग्रामीण भेगमै पर्ने कालीगण्डकी करिडोर (लोकमार्ग) को काम तीव्र रूपमा भइरहेको छ । बिहादी र फलेवास नगरपालिकाका अधिकांश वडामा गतवर्ष नै कालोपत्रेसहितको राजमार्गको पहुँच पुगेको छ । लोकमार्गअन्तर्गत पर्वतको सेतीवेणीदेखि अर्मादीसम्म ४३ किलोमिटर सडकको काम धमाधम भइरहेको छ । त्यसैगरी फलेबास-अर्मादी सडकखण्डको १४ किलोमिटर भने निर्माण कम्पनीको लापरवाहीका कारण समयमा काम नहुँदा कालोपत्रेको काम अगाडि बढाउन सकिएको छैन । उक्त खण्डमा समयमा काम नहुँदा कालोपत्रेको कामको टेण्डर आह्वान हुन नसकेको र चालु आर्थिक वर्षमा बजेट सुनिश्चितता नभएको कार्यालयले जनाएको छ ।

जिल्लाका ६१ वटै वडाका हरेक टोलटोलमा सडक सुविधा पुगेको पर्वतमा नयाँ ट्र्याक खोल्नेभन्दा भइरहेका पुराना सडकलाई स्तरोन्नति र कालोपत्र गर्नतर्फ बजेट केन्द्रित गर्नुपर्ने सरोकारवालाहरूको भनाइ छ । पर्वतमा सडक पूर्वाधारका लागि गण्डकी प्रदेश सरकारबाट चालु आर्थिक वर्षमा ९४ करोड रुपैयाँ विनियोजन भएको छ भने संघीय सरकारबाट केही मुख्य सडकहरू स्तरोन्नतिका योजना सञ्चालनमा रहेका छन् । संघीय योजनाहरू बागलुङमा रहेको सघन सहरी विकास तथा भवन निर्माण आयोजनामार्फत कार्यान्वयन हुने भएको छ ।

पुष्पलाल मध्यपहाडी लोकमार्ग र कालीगण्डकी लोकमार्गले घेरिएसँगै पर्वत जिल्लाको विकासक्रमले विस्तारै गति लिँदै गएको छ । सुविधा सम्पन्न सडक, विद्युत्, सिँचाइ, खानेपानी, शिक्षा, स्वास्थ्यको पहुँच ग्रामीण क्षेत्र केन्द्रित बन्दै गएको छ तर ग्रामीण क्षेत्रहरू खाली हुँदै गइरहेको अवस्था छ । अब राज्यका तीनै तहका सरकारहरूले नागरिकलाई स्वरोजगारमुखी र आत्मनिर्भर मुखी कार्यक्रम ल्याउन सकेमा मात्र दिगो र समुचित विकास हुने संविधानसभा सदस्य विकास लम्सालले बताए । *रासस*

# हीरा-सिद्धि पत्रकारिता पुरस्कार घोषणा




**ललितपुर–** नेपाल पत्रकार महासंघ, ललितपुर शाखाले हीरा-सिद्धि क्रियाशिल पत्रकारिता पुरस्कारको घोषणा गरेको छ । शनिबार नेपाल पत्रकार महासंघ ललितपुर शाखाको कार्यमूलक बैठकले एक कार्यक्रमकाबीच पाँच लाख रुपैयाँको अक्षयकोषसहित पुरस्कारको घोषणा गरेको हो ।

उक्त राशी बराबरको अक्षयकोष ललितपुर जिल्लाका समाजसेवी सिद्धिबहादुर महर्जनले उनकी दिवंगत धर्मपत्नी हिराकुमारी महर्जनको स्मृतिमा महासंघ शाखालाई हस्तान्तरण गरेका हुन् । अक्षयकोष घोषणा एवं हस्तान्तरण कार्यक्रममा समाजसेवी महर्जन र महासंघ शाखाका तर्फबाट अध्यक्ष रामहरि कार्कीले सम्झौता पत्रमा हस्ताक्षर गरे ।

अक्षयकोषको घोषणा एवं हस्तान्तरण गर्दै समाजसेवी महर्जन परिवारले आम जनतालाई सूसुचित गर्ने सञ्चारकर्मी एवं पत्रकारको हकहित र प्रोत्साहन निम्ति सहयोग गर्न पाउँदा गौरवान्वित भएको बताए । त्यस्तै अक्षयकोष घोषणा कार्यक्रममा बोल्दै वरिष्ठ पत्रकार प्रभुनारायण बस्नेतले महर्जन परिवारले उल्लेखनीय काम गरेको भन्दै उच्च प्रशंसा गरे ।

कार्यक्रममा शाखाका सल्लाहकार तथा पूर्व अध्यक्ष ज्ञानप्रसाद पौडेलले आफूले नेतृत्व गरेको शाखामा यस्ता किसिमका सकरात्मक पहल हुँदा गौरव गरेको प्रतिक्रिया दिएका छन् । त्यस्तै नेपाल पत्रकार महासंघका उपत्यका प्रदेश समितिका अध्यक्ष टेनिस रोकाले उपत्यकाका तीन जिल्लामध्ये ललितपुर शाखा बढी क्रियाशिल रही पत्रकारको हकहितमा काम गर्न सफल भएको बताए ।

त्यस्तै शाखाका अध्यक्ष कार्कीले हीरा-सिद्धि पुरस्कार शाखाको हरेक वार्षिक साधारण सभामा जिल्लामा क्रियाशिल दुई जना पत्रकारहरूलाई प्रोत्साहन स्वरुप पुरस्कृत गरिने बताए । उनले भने, 'यो पुरस्कार स्थानीय सरोकार वा धर्म, संस्कृति, कलामा कलम चलाउने क्रियाशिल पत्रकारलाई प्रदान गरिनेछ ।' अक्षयकोषमा प्राप्त भएको रकमको ब्याजबाट पुरस्कार प्रदान गरिने उनको भनाइ छ । रकम हस्तान्तरणसँगै अक्षयकोष कार्यान्वयनमा आएको शाखा सचिव दीपक अर्यालले बताए ।

# पदयात्रा पर्यटनसँग जोडिँदै सिङ्दी घरवास

**गण्डकी–** लमजुङको क्होलासोँथर गाउँपालिका वडा नं ५ सिङ्दीमा सञ्चालित सिङ्दी सामुदायिक होमस्टे पदयात्रा पर्यटनसँग जोडिने भएको छ ।

गुरुङ पर्यटन व्यवसायी सङ्घ (जिटिन) गण्डकी प्रदेशको सक्रियतामा अध्ययन एवं अन्वेषण गरी घोषणा गरिएको गुरुङ सम्पदा पदमार्गमा सिङ्दी समावेश गरिएको छ । कास्की, लमजुङ र मनाङका विभिन्न भागहरू समेटिएको यस पदमार्गले पहाडी तथा हिमाली भेगका कोरी, क्होलासोँथर, ठूलो लेक, थुर्जु, दुधपोखरी, गुरुङ देउरालीदेखि मनाङको तिमाङसम्मका भूभागलाई समेटेको जिटिन गण्डकी प्रदेशका संस्थापक अध्यक्ष एवं गुरुङ सम्पदा पदमार्ग कार्यक्रमका संयोजक बोबरजंग गुरुङले जानकारी दिए ।

पदमार्गअन्तर्गत लमजुङका प्राचीन गाउँहरूलाई समेट्दै यिनीहरूको प्रवर्द्धन गर्न खोजिएको उनले जानकारी दिए । सङ्घले चरणबद्ध रुपमा खोज अन्वेषण र प्रवर्द्धन गर्दै सन् २०२६ देखि यो पदमार्ग पूर्णरुपमा सञ्चालनमा ल्याउने तयारी गरेको अध्यक्ष किसम कुमारी गुरुङले जानकारी दिए ।

संघले तेस्रो चरणको कायक्रमअन्तर्गत शुक्रबारदेखि नेपाल पर्यटन बोर्ड, क्होलासोथार गाउँपालिका, मर्स्याङदी गाउँपालिकाको आर्थिक सहयोगमा पोखराबाट लमजुङको सिङ्दी हुँदै दुधपोखरी, लमजुङ एवं मनाङको सिमाना गुरुङ देउराली, हर्सिङडाँडा लगायतका स्थानलाई पदमार्गका रुपमा समेट्ने गरी खोज तथा अन्वेषण सुरु गरेको उनले बताए ।

गुरुङका अनुसार गुरुङ सम्पदा पदमार्गका रुपमा परम्परागत भेडीगोठसँगै प्राचीन नुन बोक्ने मार्गलाई पदयात्रा पर्यटनसँग जोड्ने लक्ष्यका साथ आयोजित यस चरणको कार्यक्रममा पोखराबाट लम्जुङको सिङ्दी हुँदै पसगाउँ-भुजुङ- घनपोखरा-राप्रुजु-क्युपार ा-थुर्जु-दुधपोखरी/गुरुङ देउराली-को ब्रोखर्का-सिउरुङ- हर्सिङडाँडा हुँदै पुनः पोखरासम्मको खोज अनुसन्धानात्मक पदयात्रा गरिने छ ।

पदमार्ग प्रवर्द्धन टोलीलाई सिङ्दीमा स्वागत गर्दै सिङ्दी सामुदायिक होमस्टेका अध्यक्ष हुकुमबहादुर गुरुङले आँफूहरूले होमस्टेलाई पदयात्रा पर्यटनसँग जोड्ने बताए । यहाँका कूल दुई सय ३५ घरमध्ये २० वटा घरमा घरवास सञ्चालन भएको जानकारी दिँदै उनले २०७६ सालदेखि सुरु गरिए पनि औपचारिक दर्ता भने २०८१ मा मात्र भएको जानकारी दिए ।

सिङ्दीमा दैनिक तीन सय जनासम्म पर्यटकलाई घरवासमा राख्न सकिने बताउँदै गुरुङले स्थानीय उत्पादनको स्वादसँगै यहाँको प्रकृति र संस्कृतिको भरपुर उपयोग गर्न पाउने बताए । अन्य गाउँमा जस्तो बसाइसराइको अवस्था सिङ्दीमा नरहेको बताउँदै उनले पदयात्रा पर्यटनलाई घरवाससँग जोड्दै धेरैभन्दा धेरै पर्यटकलाई गाउँमा भित्र्याउने योजना रहेको बताए ।

सिङ्दीमा खानेपानी लगायतका सुविधा सहज रुपमा उपलब्ध भइरहेको क्होलासोँथर गाउँपालिका वडा नं ५ । वडा अध्यक्ष गीतबहादुर गुरुङले बताए । घरवासमा आएका पर्यटकलाई इच्छाअनुसार कागुनोको भात, कोदो तथा मकैका परिकार आदि उपलब्ध गराउने गरिएको उनको भनाइ छ । *रासस*

**नेपाल सरकार**
**शहरी विकास मन्त्रालय**
**स्थानीय पूर्वाधार विकास विभाग**
**स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय**
**मधेश प्रदेश, जनकपुरधाम**

**स्थानीय पूर्वाधार विकास आयोजना कार्यालयको कार्य विवरण सम्बन्धी सूचना**

**(सूचना प्रकाशित मिति : २०८२/०२/२५)**

**स्थानीय पूर्वाधार विभाग मातहतका प्रदेश स्तरीय स्थानीय पूर्वाधार विकास आयोजना कार्यालयका कार्य निम्नानुसार रहने छन् ।**

● स्थानीय तहमा कार्यरत प्राविधिक कर्मचारीको पेशागत क्षमता विकासका कार्यक्रम सञ्चालन । स्थानीय तहको सडक यातायात, सिँचाइ तथा नदी नियन्त्रण, खानेपानी, सरसफाई तथा स्वच्छता, आवास, बस्ती विकास, स्थानीय उर्जा विकास लगायत स्थानीय पूर्वाधार विकास कार्यक्रमको आवधिक, रणनीतिक तथा क्षेत्रगत गुरूयोजना तयारीमा सहयोग र समन्वय । ● स्थानीयस्तरका पूर्वाधार विकासका उपयुक्त प्रविधि अवलम्बन गर्न नवीनतम तथा परम्परागत सीप, कौशल तथा प्रविधिको खोज तथा विकास र प्रबर्द्धन गर्न सहयोग । ● स्थानीय पूर्वाधार विकाससँग सम्बन्धित राष्ट्रिय तथा प्रादेशिक मापदण्ड कार्यान्वयनमा स्थानीय तहलाई सहयोग तथा सहजीकरण । ● स्थानीय तहमा वातावरण संरक्षण, जैविक विविधता, जलाधार, खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी कार्यक्रम कार्यान्वयनमा सहयोग र सहजीकरण । ● स्थानीय तहका भौतिक पूर्वाधार विकासका कार्यक्रमलाई जलवायु परिवर्तन अनुकूल बनाउन तथा प्रकोप न्यूनीकरणका उपायहरूको अवलम्बन गर्न सहयोग र सहजीकरण । ● स्थानीय तहको लागि सडक सुरक्षा, भवन निर्माण संहिता जस्ता पूर्वाधार विकास सम्बन्धी मापदण्ड, निर्देशिका, मार्गदर्शन तथा कार्यान्वयनमा सहयोग र सहजीकरण । ● निर्माण सामग्री तथा निर्माण कार्यको गुणस्तर परीक्षण प्रयोगशालाको स्थापना, सञ्चालन तथा व्यवस्थापन र स्थानीय तहको लागि उक्त प्रयोगशाला सेवाको उपलब्धता र सहजीकरण । ● स्थानीय तहको सार्वजनिक निर्माण निर्देशिका तयारीमा सहयोग र सहजीकरण । ● स्थानीय पूर्वाधार विकास निर्माणका लागि आवश्यक वातावरणीय तथा सामाजिक व्यवस्थापनको रूपरेखा (ESMF: Environmental and Social Management Framework) तर्जुमा र सहजीकरण । ● स्थानीय पूर्वाधार विकासमा व्यवसायजन्य सुरक्षा र स्वास्थ्य (OSH: Occupational Safety and Health) का मार्गदर्शन तथा स्रोत सामग्रीको कार्यान्वयनमा सहयोग र सहजीकरण । ● दिसाजन्य फोहोर (Faecal Sludge), औद्योगिक फोहोर (Industrial waste) र अस्पतालजन्य फोहोरमैला लगायत फोहोरमैला व्यवस्थापन सम्बन्धी कार्यान्वयनमा सहयोग र सहजीकरण । ● नेपाल सरकारबाट स्थानीय तहको लागि अभियानका रूपमा सञ्चालन गरेका पूर्वाधार विकास सम्बन्धी कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन । ● मन्त्रालय तथा विभागबाट सञ्चालन हुने पूर्वाधारजन्य कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयन तथा व्यवस्थापन । ● विकास साझेदारसँगको सहकार्यमा सञ्चालन हुने कार्यक्रम तथा आयोजनाहरूको कार्यान्वयन तथा व्यवस्थापन । ● स्थानीय तहको पूर्वाधार सम्बन्धी योजना बैंक तयार गर्न सहयोग । ● अन्तर स्थानीय तहबिच समन्वय गरी सञ्चालन हुने भौतिक पूर्वाधार विकासका कार्यक्रम विकास गर्न पूर्व सम्भाव्यता अध्ययन गरी विस्तृत परियोजना प्रतिवेदन तयार गर्न आन्तरिक तथा बाह्य स्रोत परिचालनमा सहजीकरण । ● केबुलकार, रज्जुमार्ग जस्ता बैकल्पिक यातायात लगायतका भौतिक पूर्वाधार विकासको लागि समन्वय तथा सहजीकरण । ● स्थानीय तहको भौतिक पूर्वाधार विकास सम्बन्धी तथ्यांकको संकलन तथा अद्यावधिक कार्यमा सहजीकरण । ● स्थानीय पूर्वाधार विकास सम्बन्धी आवश्यक नर्मस्, स्टाण्डर्ड, स्पेसिफिकेसन तथा नमूना डिजाइनको कार्यान्वयनमा सहयोग र सहजीकरण । ● प्रदेश तथा स्थानीय तहबाट बजेट सहित अनुरोध भई आएका कार्यक्रमको कार्यान्वयन । ● स्थानीय तहको भौतिक पूर्वाधार विकास कार्यको लागि आवश्यक पर्ने खरिद व्यवस्थापन, ठेक्का व्यवस्थापन तथा गुणस्तर कायम गर्ने सम्बन्धी कार्यको क्षमता विकास, समन्वय तथा सहजीकरण । ● अन्तर सरकार पूर्वाधारजन्य योजनाको पहिचान, तर्जुमा, कार्यान्वयन तथा व्यवस्थापन । ● प्रदेश तथा स्थानीय तहबाट भौतिक पूर्वाधार विकास निर्माणको कार्यमा अनुरोध भई आए अनुसार प्राविधिक राय परामर्श तथा सहयोग उपलब्ध गराउने । ● जिल्ला समन्वय समितिको अनुगमन सम्बन्धी कार्यमा सहयोग । ● स्थानीय तहको पूर्वाधार विकाससँग सम्बन्धित दररेट निर्धारण र कार्यान्वयनमा सहयोग र सहजीकरण । ● विभागले लाए अह्राएका अन्य कार्यहरु ।

**स्थानीय पूर्वाधार विकासः समृद्ध समुदायको आधार**

सडक, ढल, पुल खानेपानी, बिजुली, विद्यालय, स्वास्थ्य चौकी–यी सबै पूर्वाधारहरूले हाम्रो जीवन सहज बनाउँछन् ।
स्थानीय पूर्वाधारको विकासले रोजगारी सिर्जना, सेवा पहुँचमा सुधार, र समग्र समुदायको गउषित सम्भव बनाउँछ ।



### धमेश र रचनाको 'मौरी रसैमा' सार्वजनिक

चर्चित गायक धमेश दुलाल र रचना रिमालको स्वर रहेको रोमान्टिक लोकदोहरी गीत 'मौरी रसैमा' को भिडियो सार्वजिक भएको छ । अशोक कुमार सापकोटाको शब्द, श्यामप्रसाद तिमल्सिनाको संगीत, नारायण दङ्गालको संगीत संयोजन, मनोज परियारको मिस्किङ र माष्टरिङ रहेको गीतको रेकर्डिष्ट दिलबहादुर सार्कीले गरेका हुन् । गीतको भिडियोमा गीता ढुंगाना र अविषेक खड्का लगायको अभिनय छ । राजेन्द्र पुरीको सम्पादन, माधव श्रेष्ठ कोरियोग्राफी रहेको भिडियो छायांकन मुकेश हुमागाईं र निर्देशन अशोककुमार सापकोटाले गरेका हुन् ।



# 'रियाल रिंगेट' साउन १६ देखि प्रदर्शन हुने

■ प्रभाव संवाददाता




**काठमाडौं–** वैदेशिक रोजगारीका लागि बिदेसिने नेपाली युवाहरूको सपना, संघर्ष र बिछोडको मार्मिक कथामा आधारित चलचित्र 'रियाल रिंगेट' आगामी साउन १६ गतेबाट प्रदर्शनमा आउने भएको छ ।

रेबेल फिल्मस्ले शुक्रबार एक पोस्टर सार्वजनिक गर्दै चलचित्रको रिलिज मिति घोषणा गरेको हो । विभोर पोखरेल निर्देशक रहेको चलचित्रका निर्माता गगनलाल प्रधान हुन् ।

निर्देशक पोखरेलले हजारौं म्युजिक भिडियो निर्देशनको अनुभव सँगालेका छन् भने निर्माता प्रधान दशकौंदेखि गीतसंगीत सक्रिय छन् । चलचित्रको लेखन प्रदीप भारद्वाजले गरेका हुन् । चलचित्रको नाम नेपालीहरू मजदुरी गर्न जाने देशहरू कतार तथा साउदी अरेबियाको करेन्सी 'रियाल' र मलेसियाको करेन्सी 'रिंगेट' लाई मिसाएर बनाइएको छ ।

यसको पोस्टरमा भावनात्मक गहिराइ झल्काइएको छ । पोस्टरको ट्यागलाइनमा लेखिएको छ, 'जब त्रिभुवन विमानस्थलबाट जहाज उड्यो, जहाजसँगै सपना र जिन्दगी उड्यो ।' यो ट्यागलाइनले चलचित्रको समग्र मर्मलाई एक वाक्यमा समेटेको छ, जसले सपनाभित्र लुकेको दुःख, शोषण, परायापन र कहिलेकाहीँ मृत्युजस्ता कठोर यथार्थलाई चित्रण गर्छ । यो छोटो कविता कवि नाथन रायनले लेखेका हुन् ।

चलचित्रमा प्रमोद चौलागाईं, नीता ढुंगाना, छुल्ठिम डोल्मा गुरुङ, रवीन्द्र खड्का, ध्रुव कोइराला, प्रेम सुब्बा, रामचन्द्र अधिकारी, रियर राई, रोशन श्रेष्ठ, ईश्वरी बराल, विमला गिरीलगायतका कलाकारहरूको अभिनय छ । चलचित्रमा रोशन श्रेष्ठको द्वन्द्व निर्देशन, हरि घलेको छायांकन, विपिन मल्लको सम्पादन, किरण तुलाधरको ब्याकग्राउन्ड स्कोर र राजीव समरको कोरियोग्राफी छ । चलचित्रको छायांकन भारतको राजस्थान, नेपालका चितवन, काठमाडौं र लेटाङमा गरिएको छ । चलचित्रलाई काफिया फिल्मस्ले वितरण गर्दै छ ।

# शान्तीश्री र धिरजको स्वरमा 'सिंगै जोवन दिन्छु' सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं–** शान्तीश्री परियार र धिरज कोइरालाको स्वरमा 'हुन्छ मात्रै भन न मायाले, सिंगै जोबन दिन्छु' बोलको गीत सार्वजनिक भएको छ ।

यो गीतमा मायाप्रेमको निस्वार्थ प्रस्तावका साथै पश्चिम नेपाल (विशेषतः सुर्खेत) को सांस्कृतिक र भाषिक सुगन्ध झल्किन्छ। गीतकार विक्रमबाबु विश्वकर्माले माया प्राप्तिको लागि 'सिंगै जोबन दिन्छु' भन्ने अभिव्यक्तिमार्फत प्रेममा आफूलाई पूर्ण रूपमा समर्पण गर्न तयार पात्रको कथालाई सुन्दर शब्दमा उनेका छन् ।

गीतमा उल्लेखित 'टक्क शिरमा सिन्दूर लाउली, बसी बसी मिठो खाउली' भन्ने पङ्क्तिले परम्परागत विवाहपछिको प्रेमिल जीवनको कल्पना प्रस्तुत गरिएको छ ।

गीतमा 'सुर्खेतमा छिन्छु' भन्ने लाइनले भौगोलिक पहिचानलाई संगीतमार्फत जोड्ने काम गरेको छ । गीतलाई नेपाली समाजको समर्पणशील प्रेम भावना, सांस्कृतिक आंगिकता र आधुनिक लय संयोजनको राम्रो मान्न सकिन्छ ।

गीतले एउटा सामान्य प्रेम प्रस्तावलाई जनप्रिय शैलीमा प्रस्तुत गर्दै, ग्रामीण भाषिकता र सजीव संवादमार्फत श्रोतामाझ गहिरो प्रभाव छोड्ने प्रयास गरेको छ । लोकपप शैलीको यो गीतमा कोरस भोकलको रुपमा रञ्जित विश्वकर्मा, अमरराज विश्वकर्मा, शीतल कल्पना र लक्ष्मी बीसीलाई अवसर दिइएको छ भने गीतको म्युजिक भिडियोमा विजय पुन, गुड्डु तामाङ, विनु पोर्तेल र स्वयम् धीरज कोइरालाको अभिनय रहेको छ । गीत बिहीबार कोइरालाकै अफिसियल युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको हो ।

# चलचित्र समीक्षक समाजको अध्यक्षमा तिमिल्सेना

**काठमाडौं (प्रस)–** चलचित्र समीक्षक समाज नेपाल (फिक्सन) को अध्यक्षमा सामीप्यराज तिमिल्सेना चयन भएका छन् । पिंगलास्थानस्थित नेपाल फिल्म क्याम्पसमा सम्पन्न समाजको साधारण सभाले उनको नेतृत्वमा नयाँ कार्यसमिति चयन गरेको हो ।



नेपाल पत्रकार महासंघमा आबद्ध एसोसियट संस्थाको रूपमा रहेको 'फिक्सन' को खुल्ला उपाध्यक्षद्वयमा भेषराज कार्की र अनिल यादव, समावेशी तथा महिला उपाध्यक्षमा रीना मोक्तान, महासचिवमा प्रभाकर गौतम, खुल्ला सचिवमा नरेश फुयाँल, समावेशी तथा महिला सचिवमा लक्ष्मी बलायर र कोषाध्यक्षमा समर्पण श्री लाई सर्वसम्मत रूपमा चयन गरिएको छ ।

यस्तै, कार्यसमिति सदस्यहरूमा सुशीला तामाङ, संगीता गिरी, अभिमन्यु दिक्षित, प्रशुन संग्रौला र श्रीजु सरल चयन भएका छन् । नेपाल पत्रकार महासंघका सचिव प्रकाश धौलाकोटीले 'फिक्सन' एसोसिएट मध्येको पुरानो संस्था भएकाले महासंघ सदैव हातेमालो गर्न तत्पर रहेको बताए ।

साधारण सभामा निवर्तमान अध्यक्ष दीपेन्द्र लामा, पूर्व अध्यक्ष यज्ञसराज पण्डित, पूर्वमहासचिव नारायण अमृत, निवर्तमान उपाध्यक्ष स्मृति ढुंगानालगायत सहभागी रहेका थिए। नवनिर्वाचित अध्यक्ष तिमिल्सेनाले 'फिक्सन अवार्ड'लाई निरन्तरता दिने बताए ।



## हिमालयन जाभा बास्केटबल लिग

# टाइम्स फाइनलमा



■ प्रभाव संवाददाता

**काठमाडौं –** हाउन्ड्स एकेडेमीलाई पराजित गर्दै टाइम्स बास्केटबल क्लब हिमालयन जाभा बास्केटबल लिग (एचजेबिएल) को फाइनलमा प्रवेश गरेको छ ।

शनिबार भएको आफ्नो अन्तिम लिग खेलमा टाइम्सले हाउन्ड्सलाई ९२-६७ को फराकिलो अन्तरले पराजित गर्दै फाइनलमा स्थान बनाएको हो । टाइम्सले अब उपाधिका लागि यसअघि नै फाइनलमा स्थान बनाइसकेको गोल्डेनगेटसँग प्रतिस्पर्धा गर्नेछ ।

हाउण्ड् यसअघि पहिलो चरणमा बेहोरेको हारको बदलासमेत लिएको टाइम्सले हाउन्ड्स समान नै १७ अंक जोडेको थियो । दुवैले १० मध्ये समान ७ खेल जित्दा ३ खेलमा हार बेहोरेको थियो ।

यसअघि हाउन्ड्सले टाइम्सलाई ७५-७१ ले पराजित गरेको थियो भने आजको खेलमा टाइम्स २५ अंक अन्तरले विजयी भयो । दुई टिमको अंक बराबर भएको अवस्थामा हेड टु हेडमा धेरै अंक जोडेकोले टाइम्सले बाजी मारेको हो ।

हाउन्ड्स भने अधिकांश समयम लिगको शीर्ष स्थानमा रहेपनि अन्तिम दुई खेलमा लगातार हारपछि अभागी बन्दै फाइनल पुग्न सकेन । यसअघि हाउन्ड्स गोल्डेनगेटसँग पराजित भएको थियो ।

कीर्तिपुर कभर्डहलमा भएको खेलमा हाउन्ड्स टाइम्स विरुद्ध पहिलो क्वाटरमा २०-१९ को झिनो अग्रता लिएको थियो । तर दोस्रो क्वाटरमा पुनरागमन गर्दै ३१-२७ ले आफ्नो पक्षमा पारेपछि हाफटाइसम्म टाइम्सले ५०-४७ को अग्रता बनायो ।

तेस्रो क्वाटर टाइम्सले २१-१४ ले आफ्नो पक्षमा पारेपछि अन्तिम क्वाटरअघि नै ७१-६१ को अग्रता बनाएको थियो । चौथो तथा अन्तिम क्वाटर टाइम्सले एकपक्षीय रूपमा २१-६ ले आफ्नो पक्षमा पारेपछि पराकिलो जित हात पारेको हो ।

टाइम्सका मबिन्द्र भण्डारी मोस्ट भ्यालुएबल प्लेअर घोषित भए । टाइम्सका लागि मनीष केसीले सर्वाधिक २७ अंक स्कोर गरे । हाउन्ड्सका सिमोन गुरुङले १७ अंक स्कोर गरे ।

# जुलियस र सन्तोषीलाई काठमाडौं २५ के उपाधि

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल हेरिटेज २५ किलोमिटर रेसको उपाधि केन्याका जुलियस म्युरुकी र नेपालकी सन्तोषी श्रेष्ठले जितेका छन् ।

२५ किलोमिटर पुरुषतर्फ केन्याका जुलियस म्युरुकीले १ घण्टा १६ मिनेट ४८ सेकन्डमा दूरी तय गर्दै उपाधि जिते । त्रिभुवन आर्मी क्लबका विनोद रोकाया दोस्रो भए । उनले १ घण्टा १७ मिनेट ११ सेकेन्डमा रेस पूरा गरे । १ घण्टा १८ मिनेट ५१ सेकेन्डको समयमा सुशील केसी तेस्रो भए । महिलातर्फ नेपालकी गोल्डेन रनर सन्तोषी सफल रहिन् । सुरुवात देखि अग्रता बनाएकी उनले १ घण्टा ३१ मिनेट ४३ सेकेन्डको टाइमिङमा पहिलो स्थान प्राप्त गरिन् । आर्मीकी नीशा सार्की दोस्रो भइन् । उनले १ घन्टा ३२ मिनेट ३१ सेकेन्डमा दूरी तय गरिन् । एपिएफकी पुष्पा भण्डारी तेस्रो भइन् । उनले १ घण्टा ३८ मिनेट ०९ सेकेन्डमा दूरी तय गरिन् ।

महिला र पुरुष दुवैतर्फ विजेताले १ लाख, दोस्रोले ५० हजार र तेस्रो २५ हजार रुपैयाँ प्राप्त गरे । ५ किलोमिटर अन्तर्गत यु-१८ पुरूषमा अजय पाण्डे क्षेत्री पहिलो भए । उनले १७ मिनेट १२ सेकेन्डमा दौड सकाए । १७ मिनेट ४४ सेकेन्डमा दूरी तय गरेका सन्दीप सेन्चुरी दोस्रो हुँदा अमृत विश्वकर्मा तेस्रो भए । उनले १८ मिनेट १३ सेकेन्डको टाइमिङ निकाले ।

यु-१८ महिलामा २१ मिनेट ४७. ६६ सेकेन्डको टाइमिङमा अस्मिता भुजेल पहिलो भइन् । भगवती खड्का दोस्रो र आयुष्मा आचार्य तेस्रो भए । भगवतीले २२ मिनेट २७ दशमलव ८७ सेकेन्डमा र आयुष्माले २३ मिनेट ३०. ७८ सेकेन्डको टाइमिङमा रेस सकाएका थिए । ५ किलोमिटर भेट्रान पुरुषमा धर्म महर्जन पहिलो भए । उनले १८ मिनेट ३१ मिनेट ३१. १५ सेकेन्डको टाइमिङमा उपाधि जित्न सफल भए । लेप्सङ तामाङ दोस्रो र राम चन्द्र श्रेष्ठ तेस्रो भए ।

५ किलोमिटर भेट्रान महिलामा २६ मिनेट १९. ७९ सेकेन्डमा शर्मिला बस्नेतले पहिलो स्थान प्राप्त गरिन् । कल्पना महर्जन दोस्रो र केशरी थापा मगर गुरुङ तेस्रो भए । कल्पनाले २२ मिनेट २७.८७ सेकेन्डमा र केशरीले २३ मिनेट ३०.७९ सेकेन्डमा दौड पूरा गरिन् । ५ किलोमिटर यु-१८ र भेट्रान दुवैतर्फको विजेताले १० हजार, दोस्रोले ६ हजार र तेस्रोले ३ हजार रुपैयाँ प्राप्त गरे । २५ किलोमिटरको रेस दशरथ रंगशालाबाट सुरु भएर कुपण्डोल, पाटन कृष्ण मन्दिर, ग्वार्को, तीनकुने एयरपोर्ट, गौशाला, कालोपुल, कमलपोखरी, हात्तीसार, लैनचौर, स्वयम्भु ताहाचल, वसन्तपुर हुँदै दशरथ रंगशालामा टुंगिएको थियो ।

# प्रज्ञा स्मृति शारीरिक सुगठनमा ग्रेसलाई ओभरअल उपाधि

**काठमाडौं (प्रस)–** नेपाल व्यायाम मन्दिरका ग्रेस महर्जन प्रथम प्रज्ञा स्मृति पुरुष तथा महिला शारीरिक सुगठन प्रतियोगितामा शनिबार ओभरअल च्याम्पियन बनेका छन् । ग्रेसले २ लाख ५० हजार नगद पुरस्कार प्राप्त गरे ।

नेपाल पुलिस क्लबमा भएको प्रतियोगितामा ग्रेस पुरुष ७५ केजीमाथि पहिलो हुँदा ओभरअल उपाधि होडमा प्रवेश गरेका थिए । आफ्नो तौलसमूहमा पहिलो भएवापत ग्रेसले छुट्टै ५० हजार नगद पुरस्कार हात पारे ।



प्रज्ञा स्मृति प्रतिष्ठानद्वारा आयोजित प्रतियोगिताको पुरुष ६० केजीमा ह्यामर फिट्नेसका सुमित गिरी, ६५ केजीमा बी एन्ड एल फिट्नेस स्टेसनका किशोर लिम्बू, ७० केजीमा बडी गराजका अभिजित राजवंशी र ७५ केजीमा व्यायाम मन्दिरका सुरेश मुनिकार पहिलो भए । पुरुषमा पहिलो हुनेले ५० हजार, दोस्रोले ४० हजार, तेस्रोले ३० हजार, चौथोले २० हजार र पाँचौंले १० हजार नगद पुरस्कार हात पारे ।

महिला खुलामा डिभाइनकी उर्मिला श्रेष्ठले उपाधि जितिन् । महिलामा शीर्ष पाँच स्थानमा रहनेले क्रमशः १ लाख, ५० हजार, ३० हजार, २० हजार र १० हजार नगद पुरस्कार पाए ।

विजेतालाई पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल, राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङ, आयोजक प्रतिष्ठानकी निर्देशक गंगा दाहाललगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे ।




**आप्रवासी आन्दोलन** | ट्रम्प प्रशासनले आप्रवासीलाई देशनिकाला गर्न थालेपछि यसको विरोधमा शुक्रबार अमेरिकाको क्यालिफोर्नियास्थित लस एन्जल्स्मा अधिकारकर्मीहरू । *तस्विर - एपी*

# इरानद्वारा अमेरिकी यात्रा प्रतिबन्धको विरोध, 'जातीय पूर्वाग्रही सोच' को आरोप

**तेहरान–** इरानले शनिबार संयुक्त राज्य अमेरिकाले आफू र अन्य ११ मध्यपूर्व तथा अफ्रिकी मुलुकहरूका नागरिकहरूमाथि लगाएको यात्रा प्रतिबन्धको कडा आलोचना गर्दै उक्त निर्णयलाई 'जातीय पूर्वाग्रही मानसिकताको प्रतिविम्ब' भएको बताएको छ ।

संयुक्त राज्य अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले गत बुधबार एक कार्यकारी आदेशमा हस्ताक्षर गरी पहिलेको कार्यकालमा लागू गरिएको जस्तै व्यापक प्रतिबन्धहरू पुनः लागू गर्ने घोषणा गरेका थिए । उक्त निर्णय कोलोराडोमा आयोजित एक इजरायल समर्थक भेलामा भएको आगजनी आक्रमणपछि राष्ट्रिय सुरक्षाको आधारमा गरिएको हो ।

इरानी विदेश मन्त्रालयअन्तर्गत विदेशस्थित इरानी नागरिक मामिलाका महानिर्देशक अलिरेजा हाशेमी-रजाका अनुसार, जुन ९ देखि लागू हुने यो प्रतिबन्ध 'अमेरिकी नीतिनिर्माताहरूमा जातीय श्रेष्ठताको सोच हावी भएको स्पष्ट संकेत' हो ।

उनले जारी गर्नुभएको विज्ञप्तिमा भनिएको छ, 'यो निर्णयले इरानी तथा मुस्लिम समुदायप्रति अमेरिकी नीतिनिर्माताहरूको गहिरो वैरभाव दर्शाउँछ ।' इरानबाहेक, प्रतिबन्ध लाग्ने अन्य देशहरूमा अफगानिस्तान, म्यानमा, चाड, कङ्गो (ब्राजाभिल), इक्वेटोरियल गिनी, एरिट्रिया, हेइटी, लिबिया, सोमालिया, सुडान र यमन परेका छन् । साथै, थप सात देशका नागरिकहरूलाई पनि आंशिक रूपमा यात्रा प्रतिबन्ध लगाइएको छ ।

हाशेमी रजाले भने, 'यस नीतिले अन्तर्राष्ट्रिय कानुनका मौलिक सिद्धान्तहरू उल्लंघन गर्दछ र नागरिकता वा धर्मको आधारमा करोडौँ मानिसलाई यात्रा गर्न पाउने अधिकारबाट वञ्चित गराउँछ ।' उनले यस प्रतिबन्धलाई विभेदकारी भन्दै अमेरिकालाई यसको अन्तर्राष्ट्रिय कानुनी जवाफदेहीको सामना गर्नुपर्ने चेतावनी दिएका छन्, यद्यपि सोको विस्तृत विवरण उल्लेख गरिएको छैन ।

सन् १९७९ को इस्लामिक क्रान्तिपछि इरान र अमेरिकाबीच कूटनीतिक सम्बन्ध पूर्ण रूपमा विच्छेद भएको हो । त्यसयता, दुवै मुलुकबीचको सम्बन्ध लगातार तनावग्रस्त रहँदै आएको छ । इरानबाहिर सबैभन्दा ठूलो इरानी समुदाय संयुक्त राज्य अमेरिकामै बसोबास गर्छ । इरानी विदेश मन्त्रालयका अनुसार, सन् २०२० मा अमेरिका भित्र करिब १५ लाख इरानी नागरिक रहेका थिए । *रासस⁄एएफपी*

# म्यान्माको सैनिक शासनद्वारा श्रमिक अधिकारसम्बन्धी राष्ट्रसंघीय प्रस्ताव खारेज

**बैंकक–** म्यान्माको सत्तारूढ सैनिक सरकार (जुन्टा) ले राष्ट्रसंघ अन्तर्गतको श्रम संस्था (अन्तर र्राष्ट्रिय श्रम संगठन) ले पारित गरेको श्रम अधिकारसम्बन्धी प्रस्तावलाई शनिबार खारेज गरेको छ । उसले उक्त प्रस्तावलाई 'राजनीतिक उद्देश्यले प्रेरित' भएको आरोप लगाएको छ ।

श्रम संगठनले बिहीबार आफ्नै नियमावलीको ३३ औं धारामा आधारित उपाय अपनाउँदै म्यान्माको सैनिक प्रशासनमाथि प्रतिबन्धसमेत लगाउन सकिने संकेत दिएको थियो । सो धारामा उल्लिखित व्यवस्थाहरू अत्यन्त गम्भीर मानव तथा श्रमिक अधिकार उल्लङ्घन भएको अवस्थामा लागू गरिन्छ । संगठनले सबै सदस्य राष्ट्रहरूलाई म्यान्मासँगको सम्बन्धले 'कुनै पनि रूपमा श्रमिकहरूको स्वतन्त्र संगठन गर्ने अधिकार र जबर्जस्ती श्रमको उल्लंघनलाई प्रोत्साहन र निरन्तरता दिनु हुँदैन' भनी आह्वान गरेको छ ।

साथै, अन्य अन्तर्राष्ट्रिय संस्थाहरूलाई पनि 'सैनिक शासन अन्तर्गत श्रमिक अधिकारको उल्लंघनमा प्रत्यक्ष वा परोक्षरूपमा सहयोग पुऱ्याउने कुनै पनि कार्य' रिपोर्ट गर्न अनुरोध गरिएको छ । यसका जवाफस्वरूप म्यान्माको श्रम मन्त्रालयले शनिबार विज्ञप्ति जारी गर्दै सो प्रस्ताव 'न्यायपूर्ण र निष्पक्ष नभएको' बताउँदै त्यसलाई 'राजनीतिक धारणाबाट प्रेरित' भनिएको छ ।

सन् २०२३ मा गरिएको राष्ट्रसंघीय अनुसन्धानमा म्यान्माको सेनालाई श्रममा जबर्जस्ती प्रयोग नगर्न र श्रमिक सङ्गठनकर्मीहरूमाथिको हिंसा तुरुन्त रोक्न आग्रह गरिएको थियो । उक्त प्रतिवेदनमा श्रमिकको स्वतन्त्रता र जबर्जस्ती श्रमसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरूको व्यापक उल्लङ्घन भएको ठहर गरिएको थियो । बिहीबार पारित भएको प्रस्तावमा म्यानमाका सैन्य शासकहरूले ती सिफारिसहरूलाई गम्भीर रूपमा ग्रहण नगरेको र कार्यान्वयनका कुनै स्पष्ट सङ्केत नदिएको भनिएको छ ।

तर म्यान्माले भने आफूले ती सिफारिसहरूलाई कार्यान्वयन गर्दै आएको, निरन्तर प्रगति भइरहेको, तर श्रम संस्थाले ती प्रयासहरूलाई बेवास्ता गरेको आरोप लगाएको छ । *रासस⁄एएफपी*

# युक्रेनमा रूसी हवाई आक्रमण पाँच जनाको मृत्यु, दर्जनौं घाइते

**कीभ–** युक्रेनका विभिन्न शहरहरूमा शनिबार बिहान भएको रुसी हवाई आक्रमणमा कम्तीमा पाँच जनाको मृत्यु भएको छ भने २० जना भन्दा बढी नागरिक घाइते भएका छन् ।

खार्किभ सहरका मेयर इहोर टेरेखोभका अनुसार, यो सहरले हालसम्मकै सबैभन्दा ठूलो हवाई आक्रमणको सामना गरेको छ । बिहान करिब चार बजे सुरु भएको आक्रमणमा ४८ वटा ड्रोन, दुई वटा मिसाइल र चार वटा बम प्रयोग गरिएको जानकारी उहाले दिनुभयो । खार्किभमा मात्र तीन जनाको मृत्यु भएको र १७ जना घाइते भएको जनाइएको छ ।

त्यसैगरी, खेरसोनमा तोपखानाको प्रहारबाट एक दम्पतीको मृत्यु भएको र दुई भवनमा क्षति पुगेको छ । डिनप्रो सहरमा दुई जना महिला घाइते भएका छन् भने लुत्स्कमा शुक्रबारको आक्रमणमा घाइते एक युवतीको मृत्यु भएको पुष्टि गरिएको छ ।

आक्रमणपछि उद्धारकर्मीहरू सक्रिय रुपमा प्रभावित क्षेत्रहरूमा काम गरिरहेका छन् । अधिकारीहरूले घाइतेहरूको उपचार भइरहेको र केहीको अवस्था गम्भीर रहेको जनाएका छन् ।

रुसले पछिल्ला दिनहरूमा युक्रेनमाथि आक्रमण तीव्र बनाएको छ । उता युक्रेनले युद्धविरामको प्रस्ताव राखे पनि रुसले अझै त्यसमा सकारात्मक प्रतिक्रिया दिएको छैन । अन्तर्राष्ट्रिय समुदायले दुबै पक्षलाई संयमता अपनाउन र शान्तिपूर्ण समाधानको बाटो रोज्न आग्रह गरिरहेको छ । *रासस⁄एएफपी*

# अमेरिकी भन्सार शुल्कवृद्धि अन्तर्राष्ट्रिय मापदण्डविरुद्ध : अर्थशास्त्री इगोर

**सराजेवो–** संयुक्त राज्य अमेरिकाले हालै लागू गरेको विदेशी फलाम तथा एल्युमिनियममा ५० प्रतिशतसम्मको भन्सार शुल्कवृद्धिले विश्व व्यापारमा असन्तुलन र अविश्वास बढ्न सक्ने चिन्ता एक वरिष्ठ अर्थविश्लेषकले व्यक्त गरेका छन् ।

बोस्निया हर्जेगोभिनाका आर्थिक विश्लेषक गावरान इगोरले अमेरिकाको पछिल्लो निर्णयले बहुपक्षीय व्यापार प्रणालीलाई कमजोर पार्ने भन्दै यस्तो एकपक्षीय कदमले दीर्घकालीन रूपमा सबै देशहरूलाई असर गर्ने चेतावनी दिए । इगोरले भने, 'यस प्रकारका एकतर्फी नीतिहरूले आपसी विश्वासलाई खल्बल्याउँछ र साझेदार देशहरूलाई समकक्षको रूपमा नभई अधीनस्थको रूपमा व्यवहार गरिएको महसुस गराउँछ ।'

उनले निष्पक्ष, पारस्परिक सहयोग र आपसी लाभमा आधारित विश्वव्यापी व्यापार प्रणालीको आवश्यकता औंल्याउँदै यस्ता कार्यहरूलाई 'आर्थिक दबाब' तथा 'अन्तर र्राष्ट्रिय मापदण्डको उल्लङ्घन' को रूपमा व्याख्या गरे । बोस्नियाको अर्थतन्त्र मुख्यतः युरोपेली आपूर्ति श्रृङ्खलासँग जोडिएको बताउँदै उनले नयाँ भन्सार नीतिको प्रत्यक्ष असर रक्षा तथा धातुजन्य निर्यात उद्योगहरूमा पर्न सक्ने उल्लेख गरे । अमेरिकामा हुने बोस्नियाली निर्यातमध्ये ६० प्रतिशतभन्दा बढी रक्षा क्षेत्रमा केन्द्रित रहेको र हाल ती सामानमा ३५ प्रतिशतसम्म शुल्क लाग्ने भएको जानकारी दिए ।

उनले अन्त्यमा साना अर्थतन्त्र भएका मुलुकहरूको हितका लागि निष्पक्ष, स्थिर र बहुपक्षीय व्यापार संरचना विकास गर्न विश्व समुदायले सहकार्य गर्नुपर्ने आवश्यकता औंल्याए । *रासस⁄सिन्ह्वा*

# वैश्विक खाद्य मूल्यमा सामान्य गिरावट

**रोम–** संयुक्त राष्ट्रसङ्घ अन्तर्गतको खाद्य तथा कृषि संगठन (एफएओ) ले जानकारी दिएको अनुसार मे महिनामा विश्वव्यापी खाद्य मूल्य सूचकांक ०.८ प्रतिशतले घटेको छ । यो कमी विशेष गरी तरकारी तेल तथा चिनीको मूल्यमा आएको उल्लेखनीय गिरावटका कारण भएको हो । एफएओका अनुसार अन्न तथा अन्नजन्य वस्तु, जुन सूचकाङ्कको सबैभन्दा ठूलो हिस्सा हो, त्यसमा १.८ प्रतिशतको गिरावट आएको छ । अर्जेन्टिना र ब्राजिलमा राम्रो मकै उत्पादन हुनुका साथै गहुँको माग घटेकाले मूल्य घटेको हो । यद्यपि, इन्डिका चामलको माग वृद्धि तथा अमेरिकी डलर कमजोर भएकाले चामलको मूल्य भने केही वृद्धि भएको देखिएको छ ।

## मासु तथा दूधजन्य वस्तुको मूल्यमा वृद्धि

मासुको मूल्य १.३ प्रतिशतले बढेको एफएओले जनाएको छ । गाई, सुँगुर र भेडाको मासुमा माग बढे पनि कुखुराको मासुको मूल्य केही घटेको हो, जुन केही बजारहरूमा पन्छी रुघाखोकीका कारण चिन्ता बढेकाले भएको हो । जर्मनीका उत्पादनकर्ताहरूमा लागेको रोग नहटेसँगै उनीहरू फेरि निर्यात बजारमा फर्किएका छन्, जसका कारण सुँगुर मासुको मूल्यमा वृद्धिको देखिएको हो । दूधजन्य वस्तुहरूको मूल्यमा पनि ०.८ प्रतिशतले वृद्धि भएको छ । एसियाबाट भएको उच्च मागले घ्यू, चिज तथा सम्पूर्ण दूध पाउडरको मूल्यमा उचालो आएको छ ।

## तरकारी तेल र चिनीमा सबैभन्दा धेरै गिरावट

तरकारी तेलको मूल्य ३.७ प्रतिशतले घटेको छ, यद्यपि यो अघिल्लो वर्षको तुलनामा अझै पनि १९.१ प्रतिशतले माथि छ । पाम, तोरी, सोया र सूर्यमुखी तेलहरूको उत्पादन वृद्धि तथा केही देशहरूमा माग घटेका कारण मूल्यमा कमी आएको हो । यसैगरी, चिनीको मूल्य २.६ प्रतिशतले घटेको छ। विश्वव्यापी व्यापारको अनिश्चित अवस्थाका कारण खाद्य तथा पेय पदार्थ उद्योगमा माग घट्दा चिनीको मूल्यमा कमी आएको एफएओले जनाएको छ। *रासस⁄सिन्ह्वा*


Government of Nepal

Ministry of Health and Population

**Geta Hospital**

**Geta, Kailali, Nepal**

**Invitation for Electronic Bids for Procurement and Supply of Type-B Ambulance**

**Re-Notice Publication Date: 2082/02/25 (08 June 2025)**

1. The **Geta Hospital, Geta Kailali** invites electronic bids from eligible bidders for **Procurement and Supply of Type-B Ambulance** listed below in the table to be delivered at the Geta Hospital, Kailali under National Competitive Bidding–Single Stage Single Envelope procedures specified in the Public Procurement Act (PPA) 2063 and Public Procurement Regulation(PPR) 2064.
2. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank :

| | |
|---|---|
| **Name of the Bank**: Rastriya Banijya Bank, Dhangadhi, Kailali | **Name of Account**: Ko. Le. Ni. Ka., Kailali |
| **Name of the Office**: Geta Hospital, Geta Kailali | **Account No.** : 1000100200010000 |
| **Office Code No.** : 370617701 | **Revenue Head No.** : 14229 |

3. Bids must be valid for a period of **90 days** from the date of bid opening. The bids are single slice package and bidder must bid all items in a single package, only the total items quoted will be considered as the bid amount. The name and identification of the contract is as follows:

| | |
|---|---|
| **IFB No. :-** GH/G/NCB-13/2081-82 (Re-Bid) | **Cost of Bidding Document (NRs) :** 3,000 |
| **Description of Goods :-** Procurement and Supply of Type-B Ambulance | **Bid Security (NRs) :-** 1,50,000 |

4. The bidding schedule is as follows:

| | |
|---|---|
| **Bid Submission Deadline :-** 2082/03/09 (23 June 2025) 12.00 Hours | **Venue :-** Meeting Hall of Geta Hospital, Geta , Kailali |
| **Bid Opening :-** 2082/03/09 (23 June 2025) 13.00 Hours | |

5. For more detail and further information bidders may contact the office of Geta Hospital, Geta Kailali email address: ***getahospital@gmail.com and procurement.getahospital@gmail.com*** or may visit PPMO e-GP system ***www.bolpatra.gov.np/egp.***

**Director**



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा – सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.–सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन– गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल– डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) – फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी – नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल – फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार– सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी – लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. – पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी– बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी– गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर– कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी – पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्ष.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १९३७०० | प्रति तोला – ० | प्रति तोला – २१५० |

## ‘बजेटले अर्थतन्त्रका समस्या समाधान गर्न कठिन’

■ प्रभाव संवाददाता

**काठमाडौं–** आगामी आर्थिक वर्षको बजेटले मुलुकको अर्थतन्त्रका विद्यमान समस्या समाधान गर्न कठिन हुने धारणा अर्थतन्त्रका जानकारहरूले व्यक्त गरेका छन् । नेपाल बुद्धिजीवि सङ्गठन काठमाडौं जिल्ला समितिले आयोजना गरेको ‘बजेट २०८२/८३ समीक्षा र कार्यान्वयन’ विषयक अन्तरक्रियामा वक्ताहरूले असहज अवस्थामा प्रस्तुत बजेटले अर्थतन्त्रका विद्यमान समस्या समाधान गर्न कठिन हुने टिप्पणी गरेका हुन् ।

राष्ट्रिय योजना आयोगका पूर्वसदस्य डा रमेश पौडेलले दुई ठूला दल मिलेर बनेको दुई तिहाइको सरकारले ल्याएको बजेटबाट अर्थतन्त्र सुधारको ठूलो गुञ्जायस नदेखिएको बताए । ‘प्राविधिक रुपबाट हेर्दा आगामी आवको बजेट धेरै विवादित देखिँदैन, तर यो सरकारले बजेटमार्फत नीतिगत फड्को ९पोलिसी डिपार्चर० गर्ने मौका गुमाएको छ’, उनले भने, ‘अहिले सरकार र बजेटप्रति मान्छेको विश्वास घटेको बेला त्यो विश्वास बढाउने गरी बजेट आउन पर्ने थियो । गर्न सकिने काम मात्र बजेटमा राख्ने हो भने नागरिकको विश्वास आफै बढ्थ्यो ।’

राजस्वतर्फ पनि सरकारले प्रगतिशील कर नीति अबलम्बन गर्न नसकेको डा. पौडेलको भनाइ छ । आगामी आर्थिक वर्षको बजेटमार्फत गैरकरको हिस्सा बढाउन सक्नुपर्नेमा त्यसो हुन नसकेको, आयकर लाग्ने आम्दानीको रकम नबढेको, पुँजीगत लाभकरको दर बढ्न नसकेको जस्ता विषय उनले उठाए ।

> सरकारले राम्रोसँग काम गर्न सक्ने हो भने रु १९ खर्ब ६४ अर्बको बजेट कार्यान्वयन गर्न सकिन्छ र ६ प्रतिशतको आर्थिक वृद्धिदर तथा साढे पाँच प्रतिशतको वाञ्छित सीमाभित्रको मुद्रास्फीति कायम गर्न सकिन्छ ।

सरकारले लिएको कर नीतिले धनाढ्य वर्गलाई फाइदा पुग्ने तर मध्यम वर्गीय सहरिया वर्गलाई बढी कर तिर्नुपर्ने स्थिती रहने डा. पौडेलको भनाइ छ । अहिले अनौपचारिक अर्थतन्त्रको हिस्सा निकै ठूलो रहेकामा त्यसलाई औपचारिक प्रणालीमा ल्याउन तथा राजस्व चुहावट नियन्त्रण गर्नका लागि सरकारले कुनै स्पष्ट योजना ल्याउन नसकेको आरोप पनि पौडेलको छ ।

अर्थविद् प्राडा सूर्य थापाले रोजगारी सिर्जना र गरिबी निवारण गर्ने भनेर बजेटका प्राथमिकतामा राखिएको भएपनि त्यसलाई समर्थन गर्नेगरी योजना आउन नसकेको बताए । यद्यपि आगामी आर्थिक वर्षको बजेटको आकार, आर्थिक वृद्धिदर र मुद्रास्फीतिको लक्ष्य धेरै महत्वाकांक्षी नभई वास्तविकतामा आधारित जस्तो देखिएको उनको भनाइ छ ।

‘सरकारले राम्रोसँग काम गर्न सक्ने हो भने रू १९ खर्ब ६४ अर्बको बजेट कार्यान्वयन गर्न सकिन्छ र ६ प्रतिशतको आर्थिक वृद्धिदर तथा साढे पाँच प्रतिशतको वाञ्छित सीमाभित्रको मुद्रास्फीति कायम गर्न सकिन्छ’, उनले भने । बजेटमा जलविद्युत् आयोजनामा ‘टेक एन्ड पे’ ल्याइनु राम्रो नभएको थापाको भनाइ छ ।

योजना आयोगका पूर्वसदस्य डा. चन्द्रकान्त पौडेलले यथास्थितिवादी बजेट आएको र विद्यमान समस्या समाधानका लागि कुनै स्पष्ट कार्ययोजना आउन नसकेको बताए । ‘सरकारले ल्याएको आगामी आर्थिक वर्षको बजेट ठूलो पनि छैन र वास्तविक पनि छैन । तोकिएको राजस्व लक्ष्य उठाउन सक्ने गरी कुनै आधार बजेटमा देखिँदैन र पुँजीगत खर्च बढाउने कुनै स्पष्ट कार्ययोजना पनि आएका छैनन’, उनले भने ।

दोस्रो चरणको आर्थिक सुधार तत्काल थालिनुपर्ने आवश्यकता पनि उनले औंल्याए । अर्थतन्त्रमा देखिएका समस्या समाधानका लागि वित्त नीति र मौद्रिक नीतिबीचको सामन्जस्यता कायम गर्न आवश्यक रहेको धारणा पनि पौडेलले राखे । मुद्रास्फीतिलाई वाञ्छित सीमाभित्र राख्न नसक्ने हो भने मुलुकको अर्थतन्त्रमा ठूलो समस्या आउने उनको भनाइ छ ।

डा. नरविक्रम थापाले आगामी आवको बजेट यथास्थितिवादी रहेको उल्लेख गर्दै यसले अर्थतन्त्रका विद्यमान समस्या समाधान गर्न नसक्ने बताए । ‘बजेटमा ठूलो परिवर्तन छैन, करका दरमा खासै ठूलो परिवर्तन छैन । अर्थतन्त्रमा सुधारका क्षेत्र के हुन् भनेर स्पष्ट पहिचान गर्न सकिएको छैन । यस अर्थमा बजेट यथास्थितिवादी छ’, उनले भने ।

बजेटको स्रोतमा देखिएको चाप र कार्यान्वयनमा देखिएको न्यून प्रभावकारिता प्रमुख समस्या रहेको उनको भनाइ छ । त्यस्तै, आयातमुखी राजस्व र वितरणमुखी अर्थप्रणालीलाई बदल्नका लागि बजेटमार्फत कुनै ठोस पहल नचालिएको थापाले बताए ।

## ‘आर्थिक समृद्धि हासिल गर्नु अबको गन्तव्य’

**झापा (प्रस)–** पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले जनताको जीवनस्तरमा परिवर्तन अनुभूत गराउन दिगो आर्थिक समृद्धि हासिल गर्नु अबको साझा गन्तव्य हुनुपर्ने धारणा व्यक्त गरेकी छिन् । झापाको विर्तामोडमा शनिबारदेखि सुरु भएको नेपाल कम्युनिष्ट पार्टी (एमाले) कोशी प्रदेश विज्ञान तथा प्रविधि विभागद्वारा आयोजित प्रदेशस्तरीय विज्ञान तथा प्रविधि प्रदर्शनीको उद्घाटन गर्दै जनस्तरमा परिवर्तनको अनुभूति दिलाउने गरी काम गर्नुपर्नेमा जोड दिइन् ।

पूर्वराष्ट्रपति भण्डारीले भनिन्, ‘अबको हाम्रो प्रमुख गन्तव्य भनेको जनताको जीवनस्तरमा प्रत्यक्ष एवम् सकारात्मक परिवर्तन अनुभूत गराउने दिगो आर्थिक समृद्धि हासिल गर्नु हो । संविधानले परिकल्पना गरेको समाजवादउन्मुख अर्थतन्त्रको निर्माण गर्नु हो ।’




राष्ट्रलाई आर्थिक रूपले समृद्ध र विकसित बनाएर मात्र ‘समृद्ध नेपालः सुखी नेपाली’को राष्ट्रिय लक्ष्य हासिल गर्न सकिने चर्चा गर्दै उनले यसका लागि विज्ञान तथा प्रविधिको उपयोग अपरिहार्य रहेको बताइन् । पूर्वराष्ट्रपति भण्डारीले राज्यका तर्फबाट विज्ञान, प्रविधि र गणित शिक्षालाई विशेष प्राथमिकता दिँदै यस क्षेत्रका विशेषज्ञहरूको ज्ञान, सीप र अनुभवको समुचित उपयोग गर्न आवश्यक रहेको बताए ।

‘विद्यालयदेखि उच्च शिक्षासम्मका शैक्षिक संस्थाहरूमा पर्याप्त साधनस्रोतसहित प्रयोगशाला, दक्ष शिक्षक तथा प्राविधिक जनशक्तिको व्यवस्था गर्नु राज्यको दायित्व हो । नेपालमा मुलुकका लागि चाहिने अत्यन्तै उपयोगी प्राकृतिक स्रोत र सम्पदाहरू प्रचुर रूपमा उपलब्ध छन्’, उनले भने, ‘प्राकृतिक स्रोतसाधनको दिगो र अधिकतम उपयोग गर्दै स्वदेशी उत्पादन र उत्पादकत्व वृद्धिका साथै व्यापक रोजगारीको सिर्जना गरी स्वाधीन, आत्मनिर्भर र सुदृढ अर्थतन्त्रको निर्माण गर्न सकिन्छ । त्यसैले अबको शिक्षा प्रणालीको मूल लक्ष्य अनुसन्धान, प्रयोग, आविष्कार, प्रविधि र सिर्जनामार्फत राष्ट्रिय विकासमा योगदान पुऱ्याउने जनशक्ति निर्माणमा केन्द्रित हुने हुनुपर्छ ।’

## नेपालगञ्जमा ‘वेष्टर्न ट्राभल मार्ट’ सुरु

**नेपालगञ्ज (प्रस)–** पर्यटन प्रवर्द्धनका लागि नेपालगञ्जमा तीनदिने वेष्टर्न ट्राभल मार्ट सुरु भएको छ ।

मार्टको शुभारम्भ गर्दै प्रतिनिधिसभाका सांसद किशोरसिंह राठौरले बाँके र बर्दियामा पर्यटनको प्रशस्त सम्भावना रहेकाले यस क्षेत्रका प्राकृतिक, धार्मिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्नुपर्ने आवश्यकता औंल्याए । उनले विदेशी पर्यटकलाई आकर्षिक गर्ने योजना निर्माण गर्नुपर्नेमा जोड दिँदै बाँके र बर्दियामा चारतारे होटेलका स्तरमा घरबास (होमस्टे) निर्माण भएका बताए ।

राठौरले पर्यटन प्रवर्द्धनसम्बन्धी बर्सेनि गर्ने कार्यक्रमको समीक्षा गर्दै कमीकमजोरी सुधार गर्दै जानुपर्ने धारणा राखे । पर्यटन प्रवर्द्धनबाट यस क्षेत्रमा रोजगारीका अवसर सृजना हुनुका साथै आयआर्जन गर्न सकिने भएकाले यहाँका सरोकार भएका निकायले स्थानीय परिचालन गर्दै लाभ लिन सक्नुपर्ने बताए ।

लुम्बिनी प्रदेशसभाका सांसद मीना श्रेष्ठले पर्यटन क्षेत्रका नीति र योजना प्रभावकारी बनाएर कार्यान्वयन गर्नुपर्नेमा जोड दिँदै पर्यटन प्रवर्द्धनका लागि नेपालगञ्जमा धार्मिक पर्यटनको प्रशस्त सम्भावना रहेको बताइन् । नेपालगञ्ज उपमहानगरपालिकाका प्रमुख प्रशान्त विष्टले भारत र नेपालबीचको सम्बन्ध प्रगाढ गर्न यस्ता खाले मार्टले सहयोग पुऱ्याउने उल्लेख गर्दै नेपालमा धार्मिक पर्यटकीयस्थलको अवलोकन गर्न भारतीय पर्यटकलाई आग्रह गरे । उनले भारतीय पर्यटकलाई सम्मानपूर्वक नेपाल ल्याउनुपर्ने आवश्यकता औंलयाउँदै नेपालगञ्ज पनि धार्मिक पर्यटकको आकर्षक गन्तव्य हुनसक्ने धारणा राखे ।

## सौर्य ऊर्जाबाट विद्युत् उत्पादन

**मान्म (कालिकोट) (प्रस)–** कालिकोटको शुभकालिका गाउँपालिका-५ को राराकाटियाको चौलीमा सौर्य ऊर्जाबाट विद्युत् उत्पादन हुने भएको छ ।

चंखेली इनर्जी प्रालि, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, गाउँपालिकाको संयुक्त लगानीमा र नेपाल विद्युत् प्राधिकरण कालिकोट वितरण केन्द्रको सहयोगमा १०० किलोवाटको सौर्य ऊर्जाबाट विद्युत् उत्पादनको काम अन्तिम चरणमा पुगेको हो ।

सरकारले सौर्य ऊर्जालाई प्राथमिकतामा राखेको त्यसैअनुसार निजी क्षेत्रको साझेदारीमा शुभकालिका नीति तथा सरकारी क्षेत्रको लगानीमा सौर्य ऊर्जाबाट विद्युत् उत्पादन गर्ने लक्ष्य राखिएको छ । सोलार मिनी ग्रिड परियोजनाअन्तर्गत प्रालिको रु एक करोड ३० लाख र ऊर्जा प्रवर्द्धन केन्द्रको रु दुई करोड ९२ लाख रकम र गाउँपालिकाले सडक, फिल्ड, पर्खाल, तारबारलगायत अन्य क्षेत्रमा खर्च गरेको चंखेली इनर्जी प्रालिका अध्यक्ष जजराज शाहीले बताए । ‘परियोजनामा जम्मा रु छ करोड २५ लाख खर्च भएको छ’, उनले भने, ‘खम्बा गाड्नेलगायत अन्य परियोजनामा काममा नेपाल विद्युत् प्राधिकरण कालिकोट वितरण केन्द्रले सहयोग गरेको छ ।’

गाउँपालिकालाई विद्युतीकरण गर्नका लागि सौर्य ऊर्जाले केही सहयोग पुग्ने गाउँपालिकाका अध्यक्ष गोविन्द आचार्यले बताए । ‘गाउँपालिका पूर्णरुपमा विद्युतीकरण हुन सकेको छैन’, उनले भने, ‘यहाँ उत्पादन हुने विद्युत्लाई नेपाल विद्युत् प्राधिकरणको सहयोगमा गाउँपालिकाभित्र नै वितरण गर्ने लक्ष्य राखिएको छ ।’






प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ